# ललितपुर जिल्लाको छम्पी गाउँको दलित महिलाहरुको शैक्षिक अवस्था: एक अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा समाजशास्त्र संकाय अन्तर्गत स्नाकोत्तर तह समाजशास्त्र उपाधिको आंशिक आवश्यकता परिपूर्तिका लागि प्रस्तुत गरिएको सोधपत्र

प्रस्तुतकर्ता

सुकमाया बुढाथोकि

त्रिभुवन विश्वविद्यालय

समाजशास्त्र केन्द्रीय विभाग

कीर्तिपुर, काठमाडौं

## प्रतिबद्धता पत्र

यस शोध प्रतिवेदन भित्रका सामाग्रीहरु कहीँ कतैबाट साभार गरिएको छैन । यसका कुनै पनि अंश अन्य प्रयोजनका लागि उपयोग र प्रकाशनमा आएको पनि छैनन् । तसर्थ प्रस्तुत शोधपत्र नितान्त मौलिक रहेको प्रतिबद्धता व्यक्त गर्दछु ।

मिति: २०७५/१२/१४

.......................

**सुकमाया बुढाथोकी**

(शोधार्थी)

**त्रिभुवन विश्वविद्यालय**

**मानविकी तथा सामाजिकशास्त्र संकाय**

**समाजशास्त्र केन्द्रिय विभाग**

**कीर्तिपुर, काठमाडौं**

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाजशास्त्र संकाय अर्न्तगत समाजशास्त्र विषयको स्नाकोत्तर उपाधिको आंशिक आवश्यकता परिपूर्तिको लागि मेरो निर्देशनमा सुकमाया बुढाथोकीले ललितपुर छम्पी गाउँको दलित महिलाहरुको शैक्षिक अवस्था विषयमा यो सोधपत्र तयार गर्नुभएको हो । म उहाँको कार्य प्रति सन्तुष्ट छु र प्रस्तुत सोधपत्रको आवश्यक मूल्याङ्कनको लागि सिफारिस गर्दछु ।

..............................

डा. सुरेन्द्र मिश्र

(शोध निर्देशक)

त्रिभुवन विश्वविद्यालय

समाजशास्त्र, केन्द्रिय विभाग

कीर्तिपूर, काठमाडौं

मितिः २०७५/१२/१४

**त्रिभुवन विश्वविद्यालय**

**मानविकी तथा सामाजिकशास्त्र संकाय**

**समाजशास्त्र केन्द्रिय विभाग**

**कीर्तिपुर, काठमाडौं**

## स्विकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाजशास्त्र संकाय अर्न्तगत समाजशास्त्र विषयको स्नाकोत्तर उपाधिको आंशिक आवश्यकता परिपूर्तिको लागि मेरो निर्देशनमा सुकमाया बुढाथोकीले प्रस्तुत गर्नुभएको ललितपुर छम्पी गाउँकोदलित महिलाहरुको शैक्षिक अवस्था विषयको सोधपत्रलाई स्विकृति प्रदान गरिएको छ ।

शोधपत्र मूल्याङ्कन समिती

..........................

शोध निर्देशक                डा. सुरेन्द्र मिश्र

बाह्य सुपरिवेक्षक

..............................

डा. मीना उप्रती

विभागीय प्रमुख

..............................

प्रा. डा. तुल्सीराम पाण्डे

मितिः २०७५/१२/१४

# कृतज्ञता ज्ञापन

यस सोधपत्रको निर्देशन, सल्लाह, सहयोग, सुझाव एवं सोधपत्र तयार गर्ने क्रममा विभिन्न समस्याहरुसँग जुध्ने प्रेरणा दिएर सही मार्ग निर्देशन गर्नुहने सोध निर्देशक आदरणीय गुरु सुरेन्द्र मिश्रप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । अनुसन्धानका क्रममा उचित सदभावका साथ सहयोग पुऱ्याउनु हुने मेरो श्रीमान गंग बिष्ट, मित्र रीता दाहाल र दलित महिला संघ फेडोको सदस्य अनु वयलकोटी साथै अध्ययन क्षेत्रका उत्तरदाताहरुमा हार्दिक आभार प्रकट गर्दछु ।

मेरो सोध कार्यमा आवश्यक सल्लाह र सुझाव प्रदान गर्नुहुने यस समाजशास्त्रिय विभागका विभागीय प्रमुख प्रा. डा. तुल्सीराम पाण्डे ज्यूप्रति हार्दिक आभार प्रकट गर्दछु । त्यस्तै गरी यस सोधकार्यको लागि सल्लाह, सुझाव र मार्गदर्शन गरी बाह्य निर्देशकको भूमिका प्रदान गर्नुहुने आदरणीय गुरुप्रति कृतज्ञता ज्ञापन गर्दछु । साथै यस सोधपत्रलाई पुरा गर्ने अवसर सहित आवश्यक सल्लाह दिनुहने समाजशास्त्र केन्द्रिय विभाग कीर्तिपुरप्रति धन्यवाद ज्ञापन गर्दछु ।

मलाई यस सोधपत्र लेख्ने अवस्था सम्म पुग्न सदा आशिर्वाद दिनुहुने मेरो आदरणिय बाबा आमा प्रति म हृदयदेखि नै कृतज्ञ छु । मेरो अध्ययनलाई अगाडी बढाउन निरन्तर प्रेरणा, साहस सहयोग गर्दै आईरहनु भएको मेरा आदरणिय दाजु श्री सुरेन्द्र कुमार बुढाथोकी प्रति सदैव आभार प्रकट गर्दछु । साथै सोधपत्र तयारीको क्रममा शुद्धता सहित छिटो र छरितोका साथ कम्प्युटरको काम गरिदिनु हुने बिरेन्द्र बडुवाल प्रति धन्यवाद ज्ञापन गर्दछु ।

सुकमाया बुढाथोकी

चैत १४, २०७५

# विषयसूची

पृष्ठ नं.

**अध्याय-एक परिचय**

१.१ अध्ययनको पृष्ठभूमि १

१.२ समस्याको कथन ३

१.३ अध्ययनको उद्देश्य ३

१.४ अध्ययनको महत्व ३

**अध्याय-दुई सम्बन्धित साहित्यको पुनरावलोकन**

२.१ पूर्व साहित्य र सैद्धान्तिक अवलोकन ५

२.२ दलित महिलाको अवस्था ७

२.३ आर्थिक अवस्था ७

२.४ राजनीतिक अवस्था ८

२.५ सामाजिक र साँस्कृतिक अवस्था ९

२.६ शैक्षिक अवस्था ९

२.७ नेपालको संविधान २०७२ मा दलितहरुको विषयमा रहेका संवैधानिक प्रावधानहरु:१०

२.८ नेपालको संविधान २०७२ मा राष्ट्रिय दलित आयोगको काम, कर्तव्य रअधिकार १२

**अध्याय-तीन अनुसन्धान विधि**

३.१ अनुसन्धान क्षेत्रको छनोट र त्यसको औचित्य १४

३.२ अनुसन्धानको ढाँचा १५

३.३ अध्ययनको नमुना छनोट १५

३.४ तथ्याङ्कको प्रकृति तथा स्रोत १५

३.४.१ प्राथमिक स्रोत १५

३.४.२ द्धितिय स्रोत १६
३.५ तथ्याङ्क संकलनको औजार/विधि १६
३.५.१ घरधुरी सर्वेक्षण विधि १६
३.५.२ अन्तरवार्ता सुची १६
३.५.३ प्रश्नावली फारम १६
३.५.४ वैयक्तिक अध्ययन १७
३.६ तथ्याङ्कको व्याख्या र विश्लेषण १७
३.७ अध्ययनको सीमा १७

**अध्याय-चार तथ्यांक प्रस्तुतिकरण र विश्लेषण**

४.१ छम्पी गाउँको परिचय १८
४.२ भौगोलिक अवस्था १८
४.३ धार्मिक, साँस्कृतिक र पर्यटकीय अवस्था १९
४.४ घरमुलीको विवरण १९
४.५ उत्तरदातको उमेर १९
४.६ उत्तरदातको शैक्षिक विवरण २०
४.७ पारिवारीक संख्या २१
४.८ दलित महिलाहरुको रोजगारीको अवस्था २१
४.९ उत्तरदाताको आम्दानीको स्रोत २२
४.१० परिवारको शैक्षिक स्थिति २२
४.११ सरकारी नियमबारे जानकारी २३
४.१२ नीति अनुसार शिक्षाको प्रकार २३
४.१३ शिक्षा स्तर वृद्धिका लागि धारणा २४
४.१४ शिक्षामा पँहुच सम्बन्धी धारणा २४
४.१५ छुवाछुतको स्थिति २५
४.१६ उपलब्धिमुलक शिक्षा सम्बन्धी धारणा २५

४.१७ सार्वजनिक भेलामा छुवाछुतको अन्त्य २६
४.१८ राज्यद्धारा दलित महिलाहरुलाई प्रदान गरिएको सुविधाहरु २६
४.१९ समुदायमा पुरुष र महिलाबीच विभेद २७
४.२० दलित महिलाहरुको चेतना वृद्धिका लागि पहल गर्नु पर्ने पक्षहरु २७
४.२१ छुवाछुतको स्थिति २७
४.२२ दलित महिलामा शिक्षाको पँहुच २८
४.२३ आपसी सम्बन्ध २८
४.२४ शिक्षाबाट वञ्चित हुनुको कारण २९
४.२५ दलित महिलाहरुको समस्या २९
४.२६ संघसंस्थामा आवद्धता ३०
४.२७ दलित महिलाहरुको शिक्षाको अवस्था सम्बन्धी धारणा ३०
४.२८ वैयक्तिक अध्ययनहरु ३१

**अध्याय-पाँच सारांश एवं निष्कर्ष**

५.१ सारांश ३३
५.२निष्कर्ष ३५

सन्दर्भसूची
प्रश्नावली सुची

# तलिका सूची

पृष्ठ नं.


तालिका नं. १: घरमुलीको विवरण १९

तालिका नं. २: उमेर अनुसार उत्तरदातको विवरण १९

तालिका नं. ३: उमेर अनुसार उत्तरदातको शैक्षिक विवरण २०

तालिका नं. ४: परिवार संख्या २१

तालिका नं. ५: दलित महिलाको रोजगारीको अवस्था २१

तालिका नं. ६: उत्तरदाताको आम्दानीको स्रोत २२

तालिका नं. ७: परिवारमा शैक्षिक अवस्था २२

तालिकानं. ८: सरकारी नियमबारे दलित महिलमा जानकारी २३

तालिका नं. ९ दलित महिला सम्बन्धि शैक्षिक नीति अनुसार शिक्षाको प्रकार २३

तालिका नं. १०: दलित महिलारुको शिक्षा स्तर वृद्धिका लागि धारणा २४

तालिका नं. ११: दलित महिलाहरुको शिक्षामा पँहुच सम्बन्धी धारणा २४

तालिका नं. १२ अध्ययन क्षेत्रमा छुवाछुतको स्थिति २५

तालिका नं. १३: दलित महिलाहरुलाई कस्तो शिक्षा उपलब्धिमुलक २५

तालिका नं. १४ गाउँमा कुन पक्षमा छुवाछुतको अन्त्य २६

तालिका नं. १५: राज्यबाट प्रदान गरिएका सुविधाहरु २६

तलिका नं. १६: समुदायमा महिला र पुरुष बीच विभेद २७

तालिका नं. १७: दलित महिलाहरुको चेतना वृद्धि गर्न २७

तलिका नं. १८: छुवाछुत पहिले र अहिले २७

तालिका नं. १९: शिक्षामा दलिता महिलाको पँहुच २८

तालिका नं. २०: दलित महिलाहरु बिचको आपसी सम्बन्ध २८

तालिका नं. २१: शिक्षाको उज्यालोबाट बञ्चित हुनुको कारण २९

तालिका नं. २२ दलित महिलाहरुको समस्या २९

तालिका नं. २३: दलित महिलाको संघसंस्थाकोमा आवद्धता घण

# अध्याय-एक

# परिचय

## १.१अध्ययनको पृष्ठभूमि

शिक्षालाई ज्ञान आर्जन गर्ने माध्यम र परिवर्तनको बाहकको रुपमा लिने गरिन्छ । शिक्षा एक बृद्धि र विकासको प्रक्रिया हो । शिक्षा चिन्तन कार्य र जीवनको एक गतिशिल प्रक्रिया हो । शिक्षा सामाजिक, संयोगात्मक, शारीरिक र बौद्धिक बृद्धि र विकास प्राप्तीको एक प्रक्रिया हो । ज्ञान, सीप, प्रवृत्ति, व्यवहार र विचारको समस्तीगत रुप हो । शिक्षा जीवन प्रयत्न चलिरहने एक माध्यम हो । (शर्मा २०६०)

दलित महिलाको शैक्षिक स्तर कम हुनुमा बहुपक्षिय कारणहरु विद्यमान छन् । यो हुनुको मूल कारण भनेकै दलित महिलाहरु अरु कथित उच्च समुदायबाट विभेदमा परेका छन् । विश्वकर्मा (२०६३) ले नेपालका दलित महिलाहरु तीन प्रकारबाट मुख्य रुपमा विभेदति भएको उल्लेख गरेका छन् । पहिलो दलित भएका कारणले, दोस्रो दलित महिला भएका कारणले र तेस्रो महिाल भएका कारणले । एकातिर दलित समुदायकै कारणले दलित महिलाहरु आम मानिसहरुबाट विभेद हुने गरेका छन भने अर्कोतिर दलितभित्र पनि पितृसतात्मक समाजको संरचनाको कारणले विभेदित छन । त्यसैगरि अन्य महिलाहरु झैँ आर्थिक, सामजिक, शैक्षिक, संस्कृतिक र राजनैति तवरले पनि विभेदित छन । यसरी दलित महिला तीन तिरबाट नै विभेद हुँदा उनीहरुको शैक्षिक स्तर कस्तो होला भनी सजिलै अनुमान गर्न सकिन्छ ।

शिक्षा मानव अधिकारको एउटा अभिन्न अङ्ग  हो । यद्दिपि शिक्षाको अभावमा यहाँका प्रमुख तथा महिलाको राजगार, बृद्धि विकास, पेसा, व्यवसाय प्रतिको संलग्नतामा नकारात्मक असर गरेको छ । शिक्षा आफैमा सशक्तिकरणको महत्वपूर्ण माध्यम पनि हो । शिक्षाप्रतिको दृष्टिकोण समाजमा अझै पनि विभेदपूर्ण छ । छोरा र छोरीलाई समान शिक्षा दिन पनि समाज अझै पनि तयार छैन । छोरीलाई स्कुल नपठाउने, बिचैमा छोड्न प्रेरित गर्ने, रोजाइको शिक्षाबाट बञ्चित गर्ने जस्ता प्रवृत्तिनेपालमा ब्याप्त छ । त्यसैले शिक्षामा महिलाको शिक्षामा पहुँच न्युन छ । जसका कारण महिलाको सामाजिक हैसियत अभिवृद्धि हुन सकेको छैन । जीवनको अभिन्न अङ्ग शिक्षा भएर पनि शिक्षाबाट बञ्चित बालबालिकाको संख्या निकै बढि छ । सन् २००१ को जनगणना अनुसार पढ्न सक्ने महिलाको प्रतिशत ४२.४९ छ भने पुरुषको सन् १९८१ र २००१ को बीचमा पुरुष र महिलाहरुको साक्षरता दुरी २२ प्रतिशत कायम छ । नेपाल पनि शिक्षाप्रतिको समाज दृष्टिकोण विभेदपूर्ण छ । ( नेपाल मानव विकास प्रतिवेदन, २००४)

ऋग्वेदको दशौं मण्डलमा पुगेपछि मात्र वर्ण व्यबस्थाको उल्लेख गरिएको छ । जसमा विराट पुरुषको मुख ब्राहमण, हात क्षेत्रिय, जाँघ वैश्य र खुट्टा शुद्र थिए भनी उल्लेख गरेको भेटिन्छ । भारतीय समथर भूमिमा आर्यहरुको राज्यको स्थापना संगसंगै आर्य-शासित दास व्यसस्थाको थालनी भयो । स्वाभाविक रुपमा विजेता आर्यहरुको राज्यले आर्य र अनाार्य मूलका दास, पराजित आर्य र अनार्य कविलाका जनसमुदायबाट सबै श्रमजन्य काम गराउन थाल्यो । श्रम विभाजनको यहि क्रममा पुरोहित्याइँ गर्ने ज्ञान र शिक्षा आर्जन गर्ने ब्राहमण, सैनिक तथा प्रशासकीय काम गर्ने क्षेत्रिय, पशुपालन, खेती र व्यापार गर्ने बैश्य तथा श्रम, शिल्पकारी र सेवाको काम गर्ने शुद्र गरी चार वर्णको विभाजन गरियो । यसरी ब्राहमण-शासित आर्य राज्यले वर्ण विभाजनलाई विस्तारै धर्मको रुप दियो र यसले ब्राहमण धर्म वा चार वर्ण र जीवनका चार आश्रम भएको वर्णश्रम धर्मको जग बसाल्यो ।करिब दुई हजार वर्ष पहिले ब्राहमण राजा मनुको शासनकालमा वर्ण व्यवस्था फैलिन पुग्यो । भारतबाट हिन्दुधर्मीय शासक र जनता आजको नेपालखण्डमा प्रवेश गर्ने क्रमसंगै यहाँ पनि यो वर्णव्यवस्था आइपुगेको कुरा इतिहाससिद्ध भइसेको छ । नेपालको शासन इतिहासलाई हेर्दा, मल्लकालीन शासक जयस्थिति मल्लले (सन् १३६०-१३९५) वर्ण व्यस्थालाई थप वैधानिक दिने व्यवस्था गरेका थिए । गोरखाका राजा पृथ्वीनारयण शाहले 'असली हिन्दुस्तान' निर्माण गर्ने नारा सहित आधुनिक नेपाललाई एकीकरण गरेपछि हिन्दुधर्मीय वर्ण व्यवस्था सिंगै नेपालको शासक जातिय धर्म बन्न पुग्यो । त्यसैगरि जंग बाहदुर राणले सत्ता हातमा लिएपछि वि.सं. १९१० मुलुकी ऐन जारी गरी पहिले देखि 'अछुत' बनाइएका दलितलाई पानी नचल्ने जात्तका रुपमा कानुनी छाप लगाई दिए र त्यही अनुसारको दण्ड सजायको व्यवस्था गरे ।(आहुति २०६७)

नेपाली समाज हिन्दु वर्ण व्यवस्थामा आधारित समाज हो । यहाँका गैर हिन्दुहरुमा पनि हिन्दु धर्म, दर्शन तथा व्यवहार तथा सामाजिकरणको प्रभाव परेको छ । अनेकौं सामाजिक कट्टरताहरु कायमै छन् । पुरातन धार्मिक मान्यताले समाजलाई गाँजेको छ । शैक्षिक रुपले मुलुक अन्य देशका तुलनामा निकै पछि छ । यस्तै राजनीतिक रुपले सु-संस्कृत र दिर्घकालीन सोचको विकास हुन सकेको छैन भने आर्थिक रुपले विश्वको अति गरिब राष्ट्रको दर्जामा नेपाल पुगेको छ । यस अवस्थामा हरेक दृष्टिकोणबाट हाम्रो समाजमा लैङ्गिक विभेद छ । शासन सञ्चालन गर्ने शासकीय प्रवृत्ति स्वयंममा पूर्वाग्रही छ । जसले आसातित रुपमा समुन्नत समाजका लागि कार्य गर्न नसकेको एउटा अवस्था छ भने समाजका पुरातन धारणा र मान्यतालाई बदल्न नसकेको अर्को अवस्था छ । हाम्रो सामाजिक रचनाको प्रारुप र सामाजिकरणको स्वरुप नेपाली समाजको अध्ययन अनुसन्धानमा यस लैङ्गिक उपगमनको प्रयोग हुन सकेको छैन । (आचार्य, २०७०)

नेपालमा तथ्याङ्कीय आकडालाई हेर्ने हो भने नेपालको कुल जनसंख्या २,६४,९४,५०४ रहेकोमा महिलाको संख्या १,३६,४५,४३६ रहेको छ । जुन कुल जनसंख्याको आधा भन्दा बढि अर्थात ५१.५० प्रतिशत हो (के.त.वि. २०६८) । महिलाहरुको साक्षरतादरलाई हेर्ने हो भने महिला साक्षरता ५६.४ प्रतिशत छ भने पुरुष साक्षरता ७५.१ प्रतिशत रहेको छ (केनिद्रय तथ्याङ्क विभाग २०६८) ।

## १.२समस्याको कथन

नेपालमा दलित महिलाहरुको शैक्षिक अवस्था नाजुक रहेको छ । जातिय विभेद त्यसमा पनि दलित महिलाहरुको अवस्था र सामाजिक,साँस्कृतिक, राजनैतिक स्तरमा उनीहरुको पहुँच पुग्न सकेको छैन । यसै पृष्टभूमिमा रहेको अध्ययनको लागि निम्न समस्याहरु रहेका छन् ।

१.२.१ के दलित महिलाहरुका लागि ऐन नियम कानुन सम्बन्धि प्रावधान प्राप्त छन् ?

१.२.२ दलति महिलाहरुको शैक्षिक अवस्था कस्तो छ ?

१.२. ३दलित महिलाहरुलाई राज्यले उचित शैक्षिक व्यवस्था पऱ्याउन सकेको छ ?

## १.३ अध्ययनको उद्देश्य

हरेक कार्यको आफ्नो उद्देश्य रहेको हुन्छ । यहाँ दलित महिलाहरुको शैक्षिक अवस्थाको अध्ययनको उद्देश्यहरु निम्न अनुसार छन् :

१.३.१दलित महिला विद्यार्थीहरुको विद्यालय भर्ना स्थिति र सहभागिता पत्ता लगाउने ।

१.३.२ दलित विद्यार्थीहरु शिक्षा हासिल गर्नबाट पछि पर्नुको कारण पत्ता लगउने ।

## १.४ अध्ययनको महत्व

महिलाहरुलई मानसिक एवं शारीरिक रुपमा कमजोर मानिन्छ । त्यस माथि धर्म र संस्कारजन्य व्यवहारले उनीहरुको पक्षमा न्यायसङ्गत छैन । त्यसमाजातीयताले जरो गाडिएको मुलुकमा महिला शिक्षा प्राय न्युन नै छ । त्यसमा दलित महिलाको शिक्षामा उपस्थिति लगभग शुन्य बरावर नै छ । सबैका लागि शिक्षाको मूल दस्तावेज सन् २०१२ दखि नै १-८ कक्षा सम्मको आधारभूत शिक्षा र ९-१२ कक्षा सम्मलाई माद्यामिक शिक्षा बनाउने गरी विद्यालय शिक्षा प्रणालीको संरचना कायम गरिने भने पनि अझैसम्म कार्यन्वयन हुन सकेको छैन । समाज विकासको इतिहास अत्याधुनिक तथा वैज्ञानिक युगमा प्रवेश गरी सक्दा पनि जातीय भेदभाव र छुवाछुतजन्य संस्कारबाट मुक्त रहन नसकेको दलित समुदायको शैक्षिक स्थिति पनि अत्युन्तै न्युन रहेको छ । त्यसैले यस सोधपत्रमा दलित महिलाहरुको शैक्षिक अवस्थाको बारेमा अध्ययन गरिएको छ । यस अध्ययनको महत्वलाई निम्न बुँदाहरुमा प्रष्ट्याउन सकिन्छ । दलित महिलाहरुको शिक्षाको विकासको

लागि आवश्यक कानुन, नीति नियम र कार्यविधि तय गर्नसहयोग पुग्ने छ । यस विषयमा थप अध्ययन, अनुसुन्धान गर्न यसले थोरै मात्र भए पनि मार्ग दर्शन गर्न सक्नेछ । सरकार, नागरीक समाज, निजी क्षेत्र र अन्तराष्ट्रिय निकाय (सम्बन्धित क्षेत्रमा काम गर्ने) हरुलाई दलित महिलाहरुको शिक्षाको विकासको लागी मार्गदर्शन गर्न सक्ने विश्वास गर्न सकिन्छ ।

अत: यस अध्ययनको निष्कर्ष नै राज्यको मुलधारबाट बनेका समुदायहरु त्यसमा पनि खासगरी दलित (छात्रा) समुदायको शैक्षिक अवस्थाको स्पष्ट झलकका साथै के कस्ता कारक तत्वहरुले शैक्षिक उन्नतीका लागि बाधा उत्पन्न गरिरहेका छन् भन्ने कुरा प्रस्ट्याउने छ । जसको वर्तमान अवस्थाको शैक्षिक स्थितिको अध्ययनको आफैमा विशिष्ट महत्व छ ।

### १.५अध्ययन संगठन

यस अध्ययनमा शोधपत्रलाई पाँच अध्यायमा विभाजन गरिएको छ । जस अन्तर्गत क्रमश: अध्याय एकमा परिचय, अध्याय दुईमा सम्बन्धित साहित्यको पुनरावलोकन, अध्याय तीनमा अनुसन्धान विधि, अध्याय चारमा तथाङ्क प्रस्तुतिकरण र विश्लेषण, अध्याय पाँचमा सारांश एवम् निष्कर्ष र अन्त्यमा सन्दर्भ सूची र प्रश्नावली सूची राखिएको छ ।

# अध्याय-दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन

## २.१ पूर्व साहित्य र सैद्धान्तिक अवलोकन

हिन्दु समाजमा वर्ण व्यवस्थाको अवधारणा अन्तर्गत परम्परा देखि नै 'अछुत' बनाई पानी नचल्ने भनिएका विभिन्न जातलाई 'दलित जाति' सम्बोधन गर्ने परम्परा बनि सकेको छ । वास्तवमा दलित कुनै जाति नभएर विभिन्न जातहरुको समुच्च समुदाय मात्र हो । हिन्दी र नेपाली भाषामा 'दलित' शब्दको प्रचलित अर्थ हेपिएको, पिसिएको, दलिएको' भन्ने रहे पनि वर्तमान यसको अर्थ त्यतिमा मात्र सिमित छैन । हिन्दु समाजका अछुतलाई 'दलित' सम्बोधन गर्ने काम सन् १९२७ पछि भारतका प्रसिद्ध नेता डा. भीमराव अम्वेकरले गरेपछि हिन्दु समाजमा विभिन्न जातिय समुहभित्रका अछुत जातको साझा जतिय नामको रुपमा स्थापित हुन पुग्यो । यसरी भारतीय दलितहरुले प्रयोगमा ल्याइएको दलित शब्दलाई नेपालमा पनि विक्रम सम्वत् २०२४ सालमा गठित नेपाल राष्ट्रिय दलित जन विकास परिषद्को नाम संगठनमा पहिलो चोटी प्रयोगमा ल्याइयो । यसरी इतिहासमा उल्लेख गरिएको समय देखि नै नेपाल निरन्तर स्वतन्त्र हिन्दु राज्यको रुपमा रहयो । हिन्दु धार्मिक मान्यता अनुसार चार वटा वर्णहरु ब्राहमण, क्षेत्रि, वैश्य र शुद्र छन् । यी विभिन्न वर्णहरुले फरक फरक खालको सामाजिक हैसियत र क्षमता भएको समुहको प्रतिनिधित्व गर्दछन् । नेपाल, भारत लगायतका राष्ट्रहरुमा आज पनि यसलाई सामाजिक मूल्य, मान्यता, संस्कृति व्यहबार र संरचनाले निर्माण गरेका हुन्छन् । नेपालमा जात व्यवस्थाले दरो जरा गाडेको छ (आहुति, २०६७) ।

नेपालमा विभिन्न जातजातिहरुको बसोवास रहेको छ । त्यसैले यहाँका दलितहरुको अवस्था थाहा पाउनका लागि आजको आवश्यकता हो । किन भने आजको आधुनिक युगमा शिक्षा नै महत्वपूर्ण अंशको रुपमा लिन सकिन्छ । शिक्षा एउटा अभिन्न अंग हो । शिक्षाको अभावले शारीरिक, बौद्धिक, मानसिक रुपमा अपांग बनाउँछ । शिक्षा बिना मानिसको ज्ञान, सिप र अभिवृद्धिको विकास हुन सक्दैन । त्यसैले समुदायको सबै पक्षलाई शिक्षा आवश्यक छ । शिक्षाको विकासमा सबै पक्षको ध्यान जानु अति आवश्यक छ । शिक्षालाई सरल र सहज रुपमा प्रदान गर्ने व्यवस्था गर्नुपर्छ । अझ दलितका लागि शिक्षा सामाजिक परिवर्तनको मुलभूत कारक र सामाकि मुक्ति एवं आर्थिक विकासका लागि एकमात्र आधार हो । राष्ट्र निर्माण प्रकृयामा दलितहरुको समेत सकृय योगदान र संभावानालाई सुनिश्चित गर्न शिक्षामा न्याय पूर्ण सहभागि नितान्त जरुरी छ । सम्रगमा भन्दा उपयुक्त, वैज्ञानि र गुणस्तरीय शिक्षाले नै शताव्दीयौं देखि उत्पीडनमा प्रताडित दलितको मुक्ति गर्न सक्छ । यो दलित समुदायकोमात्र मुद्धा नभएर सम्रग नेपाली समाजको साझा मुद्धा हो र हुनु पनि पर्छ

। त्यस्तै दलितको शिक्षामा पहुँच वृद्धि गर्न राष्ट्रि तथा अन्तर्राष्ट्रिय गोष्ठी र अनुसन्धान भएको पाईन्छ (मानाकक्षन्डा अन्लाइन दैनिक, २०७४) ।

त्यसैले दलितहरुको शैक्षिक अवस्था जान्नको लागि आजको आवश्यकता हो तर दलितहरु शिक्षाको उज्यालोबाट सधै पछाडि परेका छन् । अझ भन्नुपर्दा उच्च शिक्षा हासिल गर्ने दलितहरुको संख्या न्युन रहेको पाइन्छ (दलित बार्षिक प्रतिवेदन २०६८) ।

राष्ट्रिय स्रोत साधनमा दलित समुदायको पहुँच विश्लेषण गर्दा नेपालको समग्र साक्षरता दर ५४ प्रतिशतको हाराहारीमा रहेपनि दलित समुदायको साक्षरता दर ३३ प्रतिशत, नेपालको प्रतिव्यक्ति वार्षिक आय ३९.६ प्रतिशत, अति गरिब जनसंख्या मध्ये ८० प्रतिशत जनसंख्या दलित समुदायको रहेको छ र नेपालका अधिकांश दलितहरु भूमिहिन अवस्थामा रहेका छन् (राष्ट्रिय दलित आयोग २०६९) ।

सन् १९९१ को जनगणना अनुसार नेपालमा महिलाको औसत साक्षरता दर पुरुषको (५४.१) दाँजोमा धेरै कम (२४.७) रहेको छ । त्यसमा पनि दलित महिलाको साक्षरता दर औसत (२४.७) भन्दा तल छ । दलित महिलाहरु मध्ये पनि पहाडी दलित महिलाको तुलनामा मधेशी दलित महिलाहरु अत्यन्त तल छन् । उनीहरु यति तल छन् की नेपाल अधिराज्यका सबै जातजातिकहरुमा साक्षरता दर सबै भन्दा कम भएको जात मधेशको मुसहर हो । त्यसमा पनि पुरुष मुसहरको साक्षरता दर ६.७ प्रतिशत छ भने महिलाको साक्षरता दर १.७ प्रतिशत छ (भट्टचन, २०६२) ।

दलित भन्नु आफु तल भएको स्विकार्नु होइन बरु आफुलाई अत्याचार गराएको भन्नु हो । दलितले आफुलाई दलित बनाएकै कारणले अत्याचार भएको होइन बरु अत्याचार गर्ने सामाजिक व्यवस्था विद्यमान भएकोले अत्याचार भएको हो । कतिपयले 'हामीले आफुलाई दलित भनिरहे पनि त सधै यस्तै रहन्छ'भन्ने तर्क पनि गर्ने गर्दछन् । वास्तवमा यो कुरा प्रष्ट हुनसक्दछन् । जस्तै नेवार जाती भित्रको सायामी अथवा मानन्धर जातका मानिसहरुलाई पहिले छुवाछुत गरिन्थ्यो तर राणा शासनको हुकुमले मानन्धरहरुको पानी चलाई दिएपछि उनीहरु अछुत रहेनन् । मानन्धरले पहिले पनि आफुलाई मानन्धर भन्थ्ये, अहिले पनि भन्छन् तर त्यसैले उनीहरुलाई केहि फरक परेन । मुल कुरा राजनीतिक तथा सामाजिक अवस्था हो । समाजमा छुवाछुत अन्त्य हुन्छ भने दलितमाथि गरिने सबै अत्याचार र शोषण समाप्त हुन्छ भने दलित परिचय एक सम्मानजनक पहिचान वा सामान्य परिचय बन्ने निश्चित छ (आहुति, २०६७) ।

नेपालमा दलित महिलाहरुलाई शिक्षाबाट सबै भन्दा बढि बरिञ्चतिकरणमा पारिएका छन् । २०६८ को राष्ट्रिय जनगणनाले नेपालमा ६५.९ प्रतिशत नागरिक साक्षर रहेको देखाएको छ । ती मध्ये ७५.१ % पुरुष र ५७.४ % महिला छन् । यस प्रतिवेदनले ४२.६ % महिला निरक्षर रहेको देखाएको छ, यसमा दलित महिलाको हिस्सा सबै भन्दा बढि रहेको सहजै अनुमान लगाउन सकिन्छ । संयुक्त राष्ट्रिय विकास नियोगले (युएनडीपी) को एक तथ्याङ्क अनुसार नेपालको साक्षरता अवस्था पुरुषको ८१ % र महिलाको ५४.५ % छ ।तर दलित पुरुषको ५९.९ % र दलित महिलाको ३४.८ % मात्र साक्षर छन् । अझ माद्यामिक तहमा पढ्ने पुरुषको ५३.५ % र महिलाको २९.३ % देखिन्छ भने दलित पुरुषको २३.२ % र महिलाको ११.८ % मात्रै छ (विश्वकर्मा , २०७०) ।

## २.२ दलित महिलाको अवस्था

राष्ट्रिय दलित आयोगले (२०५८) हिन्दु वर्णाक्षम, जाती व्यवस्था वि.सं १९१० को मुलुकी ऐनबाट पानी नचल्ने र छोइछिटो हाल्नुपर्ने जातजाती भनी जातीय भेदभाव एवं समाजमा अछुत मानिएका र सामाजिक, आर्थिक, राजनीतिक, शैक्षिक तथा धार्मिकरुपमा राज्यको मूल प्रवाहबाट पछाडि पारिएका जात जातीका समुदायलाई दलिन वर्ग भनी परिभाषित गरिएको छ । राज्य अन्तर्गतको निकाय राष्ट्रिय दलित आयोगले विभिन्न २६ जातीलाई दलित समुदायमा सुचिकृत गरेको छ । सोही समुदायका दलित महिलाहरु नै दलित महिलाहरु हुन् । नेपाली समाजमा महिला आधारभूत रुपमा वर्गिय, जातीय र लैङ्गिक गरि तीन किसिमका समस्यामा छन् । तर दलित महिला थप अन्य समस्याबाट पनि उत्पिडित छन् । जसले गर्दा पनि दलित महिलाको शैक्षिक स्तरमा समस्या भएको हो । अतः दलित महिलाहरुको शैक्षिक स्तर अगाडी बढाउनको लागि समग्र समस्यालाई समाधान गर्न जरुरी छ ।

## २.३ आर्थिक अवस्था

आर्थिक रुपमा नेपालका दलित समुदाय सबैभन्दा गरिब समुदाय हो । केन्द्रिय तथ्याङ्क विभागको नेपाल जीवन स्तर सर्वेक्षण २०६६/६७ ले नेपालको गरिबी २५.१६ रहेको देखाएको छ (नेपालमा गरिबी तेस्रो नेपाल जीवनस्तर सर्वेक्षण २०६८) तर करिब ४१ प्रतिशत दलित अझै गरिबीको रेखामुनी रहेका छन् । राज्यसत्ताको वागडोर निरन्तर सम्हाल्दै आएका करिव १४ प्रतिशत बाहुन गरिवीको रेखामुनी छन् भने २३.४० प्रतिशत पहाडी क्षेत्री र २८.६९ प्रतिशत तराइका मध्यम जाती गरिवीको रेखामुनी छन् । सन् २००९ मा प्रकाशित युएनडीपीको तथ्याङ्क अनुसार राष्ट्रिय तथ्याङ्कमा गरिवी ३०.८ प्रतिशत प्रकाशित हुँदा ४५.५ प्रतिशत दलितहरु गरिबीको रेखामुनी थिए । नेपालमा दलित समुदाय कला, सीप र सिल्पका धनी छन् तर उनीहरुले श्रम गरेवापत नगद पाउँदैनन् । उनीहरु शोषणमुलकश्रममा आधारित वालीधरे, हलिया, खलो, हरुवा, चरुवा लगायतका प्रथामा बाँच्न

विवश छन् । श्रम वापत नगद पाउने व्यवस्था नभएकोले उनीहरुको सीप पनि आधुनिकिकरण गर्न र औद्योगिकरण हुन सकेको छैन । नेपालका करिव ७६ प्रतिशत जनता कृषिमा आधारित छन् । तर उत्पादनको मूख्य थलो भूमिमाथि दलित समुदायको स्वामित्व छैन । आहुती अनुसार पहाडमा ३३ प्रतिशत र तराइमा ४४ प्रतिशत दलित शुद्ध भूमिहिन रहेको देखिन्छ । २ रोपनीभन्दा कम जमिन भएकालाई कृषि भूमिहिनको कित्तामा राख्दा पहाडको ७७ प्रतिशत र तराइको ९० प्रतिशत भन्दा बढि दलित भूमिहिन कृषकको रुपमा रहेका छन् । शिक्षामा पहुँच नभएकोले दलित महिला रोजगारबाट बञ्चित छन् । समान श्रमको समान ज्याला दिने व्यवस्था नेपाली समाजमा अझै स्थापित हुन सकेको छैन । दलित महिलको विशेषता नै श्रमिकपना हो, तर शोषणमुलक श्रम सम्बन्धका कारण उनीहरुको आर्थिक जीवन अत्यन्तै कष्टकर छ । सामाजकि रुपातरणमा दलित महिलाले ताम्रकार (२०६३) को एक अध्ययनलाई उद्धत गर्दै तीन लाख जति हली, हरुवा, चरुवा मध्ये अधिकांश दलित नै छन । उत्पादनको मूख्य थलो भूमिमाथि स्वामित्व नहुनु, रोजगारको अवसरबाट बञ्चित हुनु, छुवाछुत भेदभावका कारण व्यवसाय सहज रुपमा गर्न नसक्नु, शोषणमुलक श्रम व्यवस्था कायम रहनु दलितका प्रमुख आर्थिक समस्याका रुपमा रहेका छन् (विश्कर्मा,२०७०)।

## २.४ राजनीतिक अवस्था

फेडोद्धारा प्रकशित (मिति उल्लेख नगरिएको) एक प्रतिवेदन अनुसारराजनीतिक क्षेत्रमा दलित महिलाको अत्यन्तै न्युन मात्रामा प्रतिनिधित्व रहेको छ । राज्यको नीति नियम बनाउने महत्वपूर्ण निकाय व्यवस्थापिका, कार्यन्वयन गर्ने कार्यपालिका र न्याय दिलाउने न्यायपालिका न्यायलयमा दलित महिलाको प्रतिनिधित्व नहुनु नै उनीहरुका समस्या समाधान नहुनुको कारण हो । २०६२/६३ को जनआन्दोलनपछि गठन भएको अन्तरिम संसदमा १८ जना दलित व्यवस्थापिका-सदस्य बनेका थिए । जसमा पहिलो पटक दलित महिलाको पनि प्रतिनिधित्व भएको थियो । १८ दलित व्यवस्थापिका संसद सदस्य मध्ये ६ जना महिलाको प्रतिनिधित्व भएको थियो । वि.सं. २०६४ सालमा सम्पन्न संविधान सभाको निर्वाचनपछि ५० जना दलित सभासद संविधान निर्माण गर्ने थलोमा पुगेका थिए । ती मध्ये १७ पहाडी र ८ जना मधेशी गरी २५ जना दलित महिलाको प्रतिनिधित्व रहेको थियो । त्यसै गरी २०७० मा सम्पन्न दोस्रो संविधान सभामा १९ पुरुष र २२ महिला गरी ४१ जना दलित समुदायको प्रतिनिधित्व रहेको छ । यसरी संविधान सभामा प्रतिनिधित्व गर्ने दलित महिला सभासद मध्ये १२ पहाडी र ७ जना मधेशी समुदायका रहेका छन् । अहिले सम्मकै इतिहासमा मन्त्रि परिषदमा प्रतिनिधित्व गर्ने दलित महिला एक जना पनि छैन । राजनीतिक दलहरुमापनि निर्णायक तहमा दलित प्रतिनिधित्व कमजोर छ । त्यसमा पनि दलित महिलाहरुको अवस्था त असाध्यै न्युन छ । राजनीतिक दलको निर्णायक नेतृत्वमा दलित महिलाको उपस्थिति

नगन्य मात्रामा छ । प्रशासनिक संयन्त्रमा पनि दलित नभएकोले गर्दा मानव अधिकार उल्लंघनका पीडीत दलित महिलाले न्याय पाउन सकिरहेका छैनन् ।

## २.५ सामाजिक र साँस्कृतिक अवस्था

जातीय छुवाछत र भेदभावका कारण दलित समुदायले समाजमा आत्मसम्मान पूर्वक बाँच्न पाइरहेका छैनन् । त्यसमा पनि दैनिक जसो दलित महिलाहरु छुवाछतको सिकार हुँदै आएका छन् । नेपाल अधिराज्यको संविधान २०४७ ले पहिलो पटक छुवाछुत भेदभावलाई दण्डिय बनाए पनि धारा कुवा लगायतका सार्वजनिक ठाउँहरु र मेलापातमा समेत छुवाछुत र भेदभाव भोग्न बाध्य भईरहेका छन् । अन्तरिम संविधान २०६३ ले पनि जातीय छुवाछुत विरुद्धको हकलाई मौलिक हकका रुपमा व्यवस्था गरेको छ तर व्यवहार भने दलित महिलाहरु छुवाछुतका कारण अपमानित भईरहदा पनि छुवाछुत गर्नेलाई कारवाही गरिदैन । विभेदकारी साँस्कृतिक मान्यताकै कारण उनीहरुको सामाजिक हैसियतमा पनि कमजोर भएकोले समाजमा दलित महिलाले दोस्रो दर्जाको महिलाको रुपमा बाँच्न पर्ने बाध्यता कायम नै छ । रुढीवादी साँस्कृतिक उत्पिडनको मार पनि दलित महिलाहरुले पनि बढि भोग्नु परेको छ । त्यति मात्र होइन कमजोर आर्थिक हैसियत र राजनीतिक पहुँचका कारण बोक्सिको आरोपमा यातना दिइएका थुप्रै घटनाहरु हाम्रो समाजमा छन् । यसरी सामाजिक रुपमा दलित महिलाको जीवन नेपाली समाजमा सबैभन्दा दयनीय अवस्थामा छ (विश्‍वकर्मा, २०७०) ।

## २.६ शैक्षिक अवस्था

नेपालका दलित महिलाहरु शिक्षाबाट सबैभन्दा बञ्चितिकरण पारिएका छन् । २०६८ को राष्ट्रिय जनगणनाले ६५.९ % नागरिक साक्षर रहेको देखाएको छ । ती मध्ये ७५.१ % पुरुष र ५७.४ % महिला छन् । यस प्रतिवेदनले ४२.६ % निरक्षर रहेको देखाउँछ । यसमा दलित महिलाको हिस्सा सबैभन्दा बढि रहेको सहजै अनुमान लगाउन सकिन्छ । संयुक्त राष्ट्र संघिय विकास नियोग (युएनडीपी) को एक तथ्याङ्क अनुसार नेपालको साक्षरता अवस्था पुरुषको ८१ % र महिलको ५४.५ % छ तर दलित पुरुषको ५९.९ % र दलित महिलाको ३४.८ % मात्रै साक्षर छन् । अझ माद्यामिक तहमा पढ्ने पुरुषको संख्या ५३.५ % र महिलाको संख्या २९.३ % देखिन्छ भने दलित पुरुषको संख्या २३.२ % र महिलाको संख्या ११.८ % मात्रै छ(फेडो, मिति उल्लेख नगरिएको ) । यसले पनि शैक्षिक अवसरबाट दलित महिला नै सबैभन्दा बढि बञ्चित रहेको पुष्टि हुन्छ । विद्यालय जाने उमेर पुगेका दलित बालबालिका आर्थिक अवस्थाका कारण विद्यालय भर्ना हुन सकेका छैनन् भने विद्यालय भर्ना भएका बालबालिकाले पनि विचैमा विद्यालय छोड्ने गरेका छन् । विद्यालय जाने उमेर देखि नै जीविका चलाउनका लागि श्रममा जानुपर्ने बाध्यता र परिवारका मूख्य सदस्यहरु श्रमका लागि बाहिर जानुपर्दा घरायसी काम सघाउनु पर्ने बाध्यताका कारण पनि उनीहरु विद्यालय

पुग्न सकेका छैनन् । यसरी विद्यालय जाने र पढाई छोड्नेमा दलित बालबालिकाहरुकै संख्या अत्याधिक मात्राका रहेको छ । प्राथमिक शिक्षा नै सहज रुपमा पाउँन नसकेका दलित बालबालिकाहरुको माथिल्लो शैक्षिक स्तरको विकास सहज हुन सकेको छैन । यसरी दलित महिलाको अवस्था कमजोर हुन पुगेको देखिन्छ (विश्वकर्मा, २०७०) ।

## २.७नेपालको संविधान २०७२ मा दलितहरुको विषयमा रहेका संवैधानिक प्रावधानहरुः

भाग ३ मौलिक हकको धारा १८ समानताको हक उपधारा २ः सामान्य कानुनको प्रयोगमा उत्पति, धर्म, वर्ण, जातजाती, लिङ्ग, शारिरीक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्वावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र वैचारिक अवस्था वा त्यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन ।
१८ को उपधारा ३ः राज्यले नागरिकहरुका विच उत्पति धर्म, वर्ण, जातजाती, लिङ्ग, आर्थिक अवस्था, भाषा,क्षेत्र, वैचारिक अवस्था वा त्यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन ।

तर सामाजिक वा साँस्कृतिक दृष्टिले पिछडिएका महिला दलित, आदिवासी, जनजाती, मधेशी, थारु, मुस्लिम, उत्पिडित वर्ग, अल्पसंख्यक, सिमान्तकृत, किसान, श्रमिक, युवा, बालबालिका, जेष्ठ नागरिक, लैङ्गिक तथा यौकिक अल्पसंख्यक अपाङ्गता भएका ब्यक्ति, गर्वावस्था ब्यक्ति, असक्त वा असाहय नागरिकको संरक्षण ससक्तिकरण वा विकासका लागि कानुन बमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन ।

**स्पष्टिकरणः** यस भाग र भाग ४ को प्रयोजनका लागि ‘आर्थिक रुपले विपन्न’ भन्नाले संघिय कानुनमा तोकिएको आयभन्दा कम आय भएको व्यक्ति सम्भनुपर्छ ।

भाग ३ को धारा २४ (छुवाछत तथा भेदभाव विरुद्धको हक) को उपधारा १ः कुनै पनि व्यक्तिलाई निजको उत्पति, जातजाती, समुदाय, पेसा व्यवसाय वा शारिरीक अवस्थाको आधारमा कुनै पनि निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछुत वा भेदभाव गरिने छैन ।

भाग ३ धारा २४ को उपधारा ३ मा उत्पति, जातजाती वा शारिरीक अवस्थाको आधारमा कुनै व्यक्ति वा समुदायलाई उच्च वा निच दर्साउने जातजाती वा छुवाछुतको आधारमा सामाजिक भेदभावलाई न्यायोचित ठान्ने वा छुवाछुत तथा जातीय उच्चता वा घृणामा आधारित विचारको प्रचार-प्रसार गर्ने वा जातीय विभदलाई कुनै पनि किसिमको प्रोत्साहन गर्न पाईछैन ।

भाग ३ को धारा २४ को उपधारा ४ मा जातीय आधारमा छुवाछुत गरि वा नगरी कार्यस्थलमा कुनै प्रकारको भेदभाव गर्न पाईने छैन ।

भाग ३ को धारा २४ को उपधारा ५ मा यस धाराको प्रतिकूल हुनेगरि भएका सबै प्रकारका छुवाछुत तथा भेदभाव जन्य कार्य गम्भीर सामाजिक अपराधका रुपमा कानुन बमोजिम दण्डनिय हुनेछन् र त्यस्तो कार्यबाट पिडित व्यक्तिलाई हक हुनेछ ।

भाग ३ को धारा ४० को उपधारा १ मा राज्यका सबै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ । सार्वजनिक सेवा लगायतका रोजगारीका अन्य क्षेत्रमा दलित समुदायको सशक्तिकरण, प्रतिनिधित्व र सहभागिताका लागि कानुन बमोजिम विशेष व्यवस्था गरिने छ ।

धारा ४७ को उपधारा २ः दलित विद्यार्थीलाई प्राथमिक देखि उच्च शिक्षा सम्म कानुन बमोजिम छात्रवृति सहित निःशुल्क शिक्षाको व्यवस्था गरिने छ । प्राविधिक र व्यवसायिक उच्च शिक्षामा दलितका लागि कानुन बमोजिम विशेष व्यवस्था गरिने छ ।
धारा ४० को उपधारा ३ः दलित समुदायलाई स्वास्थ्य र सामाजिक सुरक्षा प्रदान गर्ने कानुन बमोजिम व्यवस्था गरिने छ ।

धारा ४० को उपधारा ४ः दलित समुदायलाई आफ्नो परम्परागत पेसा, ज्ञान, सीप र प्रविधिको प्रयोग संरक्षण र विकास गर्ने हक हुनेछ । राज्यले दलित समुदायका परम्परागत पेसासित सम्बन्धीत आधुनिक व्यवसायमा उनीहरुलाई प्राथमिकता दिई त्यसका लागि आवश्यक पर्ने सीप र स्रोत उपलब्ध गराइने छ ।
धारा ४० को उपधारा ५ः राज्यले भूमिहिन दलितलाई कानुन बमोजिम एक पटक जमिन उपलब्ध गराउनु पर्नेछ ।

धारा ४० को उपधारा ६ः राज्यले आवासविहिन दलितलाई कानुन बमोजिम वसोवासको व्यवस्था गर्नेछ ।

कधारा ४० को उपधारा ७ः दलित समुदायलाई यस धाराद्धारा प्रदत्त सुविधा दलित, महिला, पुरुष र सबै समुदायमा रहेका दलितले समानुपातिक रुपमा प्राप्त गर्ने गरि न्यायोचित वितरण गर्नुपर्नेछ ।

भाग ३ धारा ४२ सामाजिक न्यायको हक १ः आर्थिक, सामाजिक, वा शैक्षिक दृष्टिले पछाडि परेका महिला, दलित, आदीवासी, जनजाती, सिमान्तकृत, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, किसान, श्रमिक, उत्पिडित वा पिछडिएका क्षेत्रका नागरिक

तथा आर्थिक रुपले विपन्न खस आर्यलाई समानुपातिक समावेशी सिद्धान्तमा आधारमा राज्यका निकायमा सहभागिताको हक हुनेछ ।

भाग ८ संघिय व्यवस्था धारा ८४ को उपधारा २: समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभाको निर्वाचनका लागि राजनीतिक दलहरुले उम्मेदारी दिँदा जनसंख्याको आधारमा महिला, खस, आर्य, मधेशी, थारु, मुस्लिम, पिछडिएको क्षेत्र समेतबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था संघिय कानुन बमोजिम हुनेछ । त्यसरी उम्मेदारी दिँदा भूगोल र प्रादेशिक सन्तुलनलाई समेत ध्यान दिनुपर्छ ।

## २.८ नेपालको संविधान २०७२ मा राष्ट्रिय दलित आयोगको काम, कर्तव्य र अधिकार

भाग २७ अन्य आयोगहरुको धारा २५६ को उपधारा १ मा राष्ट्रिय दलित आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) दलित समुदायको समग्र स्थितिको अध्ययन तथा अन्वेषण गरी तत सम्बन्धका गर्नुपर्ने नीतिगत, कानुनी र संस्थागत सुधारका विषय पहिचान गरी नेपाल सरकारलाई सिफारिस गर्ने ।

ख) जातीय छुवाछुत, उत्पीडन र विभेदको अन्त्य गरी दलित उत्थान र विकासका लागि दलित हितसंग सरोकार राख्ने राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुका गरी कार्यन्वयनका लागि नेपाल सरकार समक्ष पेश गर्ने ।

ग) दलित समुदायको उत्थान तथा हितमा भएका विशेष व्यवस्था लगायत दलित हितसंग सम्बन्धीत कानुनको प्रभावकारी रुपमा पालना भए वा नभएको विषयमा अनुगमन गरी पालना वा कार्यन्वयन नभएको भए सोको पालना वा कार्यन्वयनका लागि नेपाल सरकार समक्ष सुझाव दिने ।

घ) दलित समुदायको अधिकारसंग सम्बन्धित नेपाल पक्ष भएको अन्तराष्ट्रिय सन्धि वा सम्झौतामा भएको व्यवस्था बमोजिम नेपालले पठाउनु पर्ने प्रतिवेदन तयारीका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने ।

ङ) दलित समुदायलाई राष्ट्रिय विकासको मूल प्रवाहमा सहमति गर्ने तथा राज्यका सबै अङ्गहरुमा समानुपातिक सहभागिता सुनिश्चित गर्ने मौजुदा नीति तथा कार्यक्रमको समिक्षा,अनुगमन तथा मुल्याङ्कन गर्ने र सोको प्रभावकारी कार्यन्वयनका लागि नेपाल सरकारलाई सिफारिस गर्ने ।

च) जातीय भेदभाव तथा छुवाछुत वा सामाजिक कुरितिबाट पिडित भएको वा दलितको हक प्रयोग गर्न नदिएको वा बञ्चित गरेको विषयमा कुनै व्यक्ति वा संस्था विरुद्ध मुद्धा दाएर गर्नुपर्ने आवश्यकता देखिएमा कानुन बमोजिम अदालतमा मुद्धा दायरा गर्ने सम्बन्धि निकाय समक्ष सिफारिस गर्ने ।

छ) राष्ट्रिय दलित आयोगले आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार आयोगको अध्यक्ष, कुनै सदस्य वा नेपाल सरकारको कुनै कर्मचारीलाई तोकिएको शर्तको अधिनमा रही प्रयोग तथा पालना गरी प्रत्यायोजन गर्न सक्नेछ ।

ज) राष्ट्रिय दलित आयोगको अन्य काम, कर्तव्य र अधिकार तथा तत सम्बन्धि अन्य व्यवस्था संघिय कानुन बमोजिम हुनेछ ।

# अध्याय-तीन

## अनुसन्धान विधि

यस अध्ययन मुख्य रुपमा संख्यात्मक विधिमा आधरित छ । यस विधि मार्फत आवश्यक अनुसन्धान औजारहरु प्रयोग गरि वस्तुगत तथ्यांकहरु ३८ जना उत्तरदाताहरुको सहमतिमासंकलन गरिएको छ ।यो विधि मार्फत मैले आवश्यक संख्यात्मक तथ्यांकहरु अध्ययन क्षेत्रमा प्रत्यक्ष उत्तरदाताहरुसंग सोधेर संकलन गरेको छ ।

अनुसन्धान पद्धतिः कुनै पनि घटाना वा विषयसंग सम्बन्धित तथ्याङ्कहरुको बारेमा क्रमबद्ध एवं व्यवस्थित तरिकाबाट अपनाईने अनुसन्धानको प्रक्रिया नै अनुसन्धान पद्धति हो । यस अध्ययनमा अनुसन्धान क्षेत्रको छनोट र यसको र यसको औचित्य, अनुसन्धानको ढाँचा, अध्ययनको समग्रता र नमुना छनोट, तथ्याङ्क संकलनको स्रोत, तथ्याङ्क संकलनको विधिहरु, तथ्याङ्कको व्याख्या र विश्लेषण, अध्ययनको सिमा आदी निम्नानुसार चर्चा गरिको छ ।

### ३.१ अनुसन्धान क्षेत्रको छनोट र त्यसको औचित्य

कुनै पनि कार्यको थालनी गर्नुभन्दापहिले उक्त कार्य कहाँ गर्ने भनेर ठाउँको छनोट गर्नुपर्ने हुन्छ । यस सोधको अध्ययन क्षेत्र ललितपुर जिल्लाको कार्य विनायक नगरपालिकाको वडा नं. १६ को छम्पी गाउँमा गरिएको छ । यस क्षेत्रमा दलित महिलाहरुको संख्या प्रशस्त मात्रामा भएकोले यस सम्बन्धि जानकारी लिनको लागि उपरोक्त क्षेत्रको छनोट गएिको हो अध्ययन कर्ता पनि सो क्षेत्रमा राम्रो जानकार भएकोले र यस ठाउँमा बसोबास गर्ने दलित महिलाहरुको शिक्षाको बारेमा वास्तविक कारण पत्ता लगाउनको साथै यसप्रति सम्बन्धित क्षेत्रको हालसम्म गहन अध्ययन पनि नभएकोले यस सम्बन्धि जानकारी लिनको लागि यस क्षेत्रको अध्ययन गरिएको हो । सोधकर्ताले यस क्षेत्रलाई छनोट गर्नुको पछाडी निम्न कारणहरु रहेका छन् : यस अध्ययन क्षेत्रमा समय, अर्थ तथा अन्य जटिलतालाई मध्यनजर गर्दा सोधकर्ताका लागि चिरपचित क्षेत्र भएकोले ।उक्त क्षेत्रमा विभिन्न आदीबासी, जनजाती, दलितहरुको बसोबास क्षेत्र भएकोले । उक्त क्षेत्रको घरपरिवार तथा समाजभित्र रहेका दलित महिलाहरुको शिक्षाको क्षेत्रमा पहुँच कम भएकोले ।

## ३.२ अनुसन्धानको ढाँचा

यस अध्ययनमा वर्णनात्मक अनुसन्धानको ढाँचा प्रयोग गरिको छ । अनुसन्धानको क्षेत्रमा वर्णनात्मक अनुसन्धान भनेको अध्ययन विषयको बारेमा विस्तृत ज्ञान प्राप्त गर्नु हो । यहि ढाँचामा आधारित रहेर दलित महिलाहरुको शिक्षाको बारेमा सामान्य रुपमा वर्णन गरी प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

## ३.३ अध्ययनको नमुना छनोट

यो अध्ययन कार्य विनायक नगरपालिकाको वडा नं. १६ मा मात्र सिमित रहेको छ । अध्ययन क्षेत्रमा कुल ४७५ घर परिवारमा जम्मा संख्या २,११३ जना बसोवास गरेका छन् । त्यसमा पुरुषहरुको संख्या १,०२० रहेका छन् भने महिलाहरुको संख्या १,०९३ रहेका छन् । दलित जातिको कुल ४५ घरपरिवार मध्येबाट २८ घर परिवारलाई छनोट गरी प्रत्येक घर परिवारबाट एक एक जना महिलालााई उत्तरदाताको रुपमा छनोट गरिएको छ । यस सोधको अध्ययन क्षेत्र ललितपुर जिल्लाकोछम्पी गाउँमा लिइएको छ । यस क्षेत्रमा दलित महिलाहरुको संख्या प्रशस्त मात्रामा भएकोले यस सम्बन्धि जानकारी लिनको लागि उपरोक्त क्षेत्र छनोट गरिएको हो । अध्ययन कर्ता सो क्षेत्रमा राम्रो जानकारी भएकोले र यस ठाउँमा बसोबास गर्ने दलित महिलाहरुको शिक्षाको बारेमा वास्तविक कारण पत्ता लगाउनुको साथै यसप्रति सम्बन्धित क्षेत्रको हालसम्म गहन अध्ययन पनि नभएकोले त्यस सम्बन्धि जानकारी लिनको लागि पनि यस क्षेत्रको छनोट गरिएको हो ।

## ३.४ तथ्याङ्कको प्रकृति तथास्रोत

तथ्याङ्क प्राप्त गर्ने क्षेत्रलाई नै तथ्याङ्कको स्रोत मानिन्छ । अनुसन्धानको प्रकृति अनुसार तथ्याङ्क प्राप्त हुने स्रोतहरुफरक-फरक हुन्छन् । यस अध्ययन कार्यलाई पूर्णता दिनको लागि तथ्याङ्क संकलनका प्राथमिक स्रोत विशेष गरी स्थलगत सर्वेक्षणलाई प्रमुख रुपमा लिइएको छ । मूख्यतया यसका लागि २ विधि अवलम्बन गरिएको छ ।

### ३.४.१ प्राथमिक स्रोत

यस अध्ययनका लागि आवश्यक तथ्याङ्कको संकलनका लागि नमुना छनोटमा परेका दलित महिलाहरुसंग निचित प्रश्नवालीमा रहेर अन्तवार्ता र प्रत्येक दलित महिलाको थर अवलोकनका माध्यमबाट प्राथामिक तथ्याङ्क संकलन गरेको छु ।

### ३.४.२ द्धितिय स्रोत

यस अध्ययन अनुसन्धानका लागि विभिन्न संघ संस्थाको प्रतिवेदन, प्रकाशन लेख, रचना शैक्षिक ऐन, शोध पत्र आदिलाई सहायक स्रोतको रुपमा आवश्यक सुचना संकलन गरिएको छ ।

### ३.५तथ्याङ्क संकलनको औजार/विधि

यस अध्ययनमा अध्ययनको क्रममा प्राथमिक र द्धितियक स्रोतबाट तथ्याङ्कहरु संकलन गरिको छ । अनुसन्धानकर्ता स्वयम आफै अध्ययन क्षेत्रमा गई उत्तरदातासंग प्रत्यक्ष भेटेर अन्तरवार्ता, अवलोकन, वैज्ञानिक अध्ययन गरी संकलन गरिएको सूचना तथा तथ्याङ्कलाई प्राथमिक तथ्याङ्क भनिन्छ । त्यसै गरी गा.वि.स., नगरपालिका, सरकारी तथा गैर सरकारी संस्थाहरु, विभिन्न पत्रपत्रिका, जनगणना किताब तथा आम सञ्चार माध्यमबाट प्रकाशित तथा अप्रकाशित लेख तथा संरचनाबाट संकलन गरिएको तथ्याङ्कलाई द्धितियक तथ्याङ्क भनिन्छ । यस अध्ययनमा प्राथमिक तथा द्धितियक दुबै तथ्याङ्कहरुको प्रयोग गरी अनुसन्धान गरिएको छ ।

### ३.५.१ घरधुरी सर्वेक्षण विधि

घरधुरी सर्वेक्षण विधि अन्तर्गत प्रश्नावली विधिबाट तोकिएको प्रश्नको मात्रा उत्तर आउने तथा उत्तरदाताले एकलौटी रुपमा प्रश्नको उत्तर लेख्ने भएकोले गर्दा सत्य तत्य प्रमाण प्राप्त गर्नको लागि घरधुरी सर्वेक्षण विधिको प्रयोग गरिएको छ । घरधुरी सर्वेक्षणमा महिलाहरु जो जो घरमा हुन्छन्, उनीहरुबाट आवश्यक सूचानाहरु संकलन गरिएको छ । घरधुरी सर्वेक्षणबाट दलित महिलाहरुको शिक्षाको बारेमा सूचना संकलन गरिएको छ ।

### ३.५.२अन्तरवार्ता सुची

यो अध्ययन दलित महिलाको अवस्थामा देखा परेका समस्या, कठिनाईलाई न्युनिकरण गर्ने उपाय खोज्नका लागि यस विधिको छनोट गरिएका दलित महिलालाई सोधकर्ता आफैले तयार पारेको अन्तरवार्ताद्धारा प्रश्नावली सोधिएका थियो । जसमा शिक्षा,परिवार, रोजगारी, र विभिन्न सुविधा जस्ता विविध पक्षहरु समावेश गरेको निश्चित प्रश्नावलीको ढाँचामा रहेरे अन्तरवार्ता गरेर तथ्यांक संकलन गरिएको छ ।

### ३.५.३प्रश्नावली फारम

यस अध्ययनका कलागि छनोट गरिएका ३८ जना दलित महिलाहरुलाई तयार गरिको प्रश्नावलीमा रहेर मैले प्रश्नावलीको भरको छु । यो प्रश्नावलीमा सरकारको नीति

नियम, दलित महिला सम्बन्धी शैक्षिक नीति तथा सक्षमबारे राय, शिक्षामा दलित महिलाको शिक्षामा पँहुच लगायतबारेको विविध प्रश्नहरु समावेश गरिएको छ ।

### ३.५.४ वैयक्तिक अध्ययन

अनुसन्धानको विधिहरु मध्ये वैयक्तिक अध्ययन विधि पनि एक महत्वपूर्ण विधि हो । वैयक्तिक अध्ययनबाट कुनै पनि व्यक्तिको जीवनशैलीलाई बुझ्न सकिन्छ । उसको जीवनको विगतदखि वर्तमान अवस्थासम्म जानकारी प्राप्त गर्न सकिन्छ । यस अध्ययनमा ललितपुर जिल्लाको छम्की गाउँमा बसोबास गर्ने उत्तरदाता महिलाहरुमध्ये दुई जना महिलाहरुको वैयक्तिक अध्ययन गरिएको छ । दलित महिलाहरुको शिक्षा बारे बुझ्नको लागि उनीहरुको समग्र पक्षको अध्ययन गरिएको छ ।

## ३.६तथ्याङ्कको व्याख्या र विश्लेषण

यस अनुसन्धानबाट प्राप्त विभिन्न प्राथमिक तथा द्बितिय तथ्याङ्क र सूचनाहरुलाई यसको प्रकृतिको आधारमा वर्गीकरण, तालिकाकरण गरी विश्लेषण गरिएको छ । यसमा गुणात्मक प्रकृतिका तथ्याङ्कहरु भए त्यसलाई आवश्यकता अनुसार व्याख्या विश्लेषण गरिएको छ भने संख्यात्मक प्रकृतिका तथ्याङ्कहरु भए त्ससलाई क्रमबद्ध रुपमा तालिकामा प्रस्तुत गरी प्रतिशतमा वर्णन गएिको छ ।

## ३.७अध्ययनको सीमा

यस अध्ययनमा सिमित स्रोत, साधनको अभावका कारणले गर्दा निश्चित उद्देश्य प्राप्त गर्नका लागि निम्न क्षेत्रहरुमा मात्र सिमा निर्धारण गरिएको छ । प्रस्तुत अध्ययन कार्य विनायक नगरपालिका वडा नं. १६ मा बस्ने दलित महिलाहरुको शैक्षिक अवस्थाबारेमात्र आधारित रहेको छ । यो अध्ययन क्षेत्रमा बसोबास गर्ने सम्पूर्ण दलित महिलाहरु मध्ये ३८ जना छनोटमा परेका सँग मात्र सिमित रहेको छ । यस अध्ययनले निश्चित क्षेत्रका दलित महिलाहरुको मात्र शैक्षिक अवस्थालाई मात्र समेट्ने भएकाले सम्पूर्ण नेपाली दलित महिलाहरुको शैक्षिक अवस्थालाई प्रतिनिधित्व गर्न सकिदैन । यो अध्ययन समाजशास्त्र विषयको स्नाकोत्तर तहको आंशिक आवश्यकता परिपुर्तिका लागि गरिएको भएता पनि अरु दलित महिलाहरुको सम्बन्धमा गर्न उपयोगी हुदैन ।

# अध्याय-चार

# तथ्यांक प्रस्तुतिकरण र विश्लेषण

प्रस्तुत सोध अध्ययन ललितपुर जिल्लमाको छम्की गाउँ हाल कार्य विनायक नगरपालिका १६ मा पर्छ । दलित महिलाको शैक्षिक अवस्थाबारे बुझ्नको लागि गरिएको यस सोध अध्ययनमा विभिन्न तथ्याङ्कहरुको माध्यमबाट तथ्याङ्कहरुको व्याख्या र विश्लेषण गर्दा प्रकाशित तथ्याङ्कको पनि लिएको छ । स्थलगत सर्वेक्षणबाट प्राप्त तथ्याङ्कलाई निम्न शिर्षक राखी व्याख्या विश्लेषण गरिएको छ ।दलित महिलाहरुका लागि शैक्षिक नीति नियम, शिक्षाको प्रकार, शिक्षामा पहुँच, छुवाछुतको अन्त्य, राज्यले प्रदान गरेका सुविधा, नीति नियमहरु बारे थाहा छ या छैन, दलित महिलाहरुको समस्या र समाधानका साथै महिलाहरुको चेतना र शैक्षिक स्तरलाई सुधार गर्न के गर्नुपर्छ जस्ता जिज्ञासालाई उत्तरदाता महिलाहरुले स्पष्ट पारेकोतालिकाहरुबाट प्रस्तुत गरिएको छ ।

## ४.१ छम्पी गाउँको परिचय

स्थानिय स्वायत्त शासन ऐन २०५५ को दफा मिति ८० मा भएको व्यवस्था वमोजिम मिति २०७१ साल मंसिर १६ को नेपाल सरकारको निर्णयले छम्पी कार्यविनायक नगरपालिका अनतर्गतको एउटा गाउँको रुपमा चिनिन पुगेको छ । ललितपुर जिल्ला स्थित हाल कार्यविनायक नगरपालिकामा समावेश गरिएका साबिकका सैंवु, खोकना, वुंमति, छम्पी र टुकुछाप गा.वि.स. क्षेत्रभित्रका प्रसिद्ध मन्दिरहरु मध्येका कार्यविनायक गणेश मन्दिरको नामबाट कार्यविनायक नगरपालिका नामाकरण गरिएको हो ।कार्यविनायक नगरपालिका साबिकका सैंवु, वुंमति, छम्पी, डुकुछाप र खोकना गा.वि.स.हरु मिलेर बनेको हुनाले राष्ट्रिय जनगणना २०६८ अनुसार यि ५ गा.वि.स. हरुको जनसंख्यालाई जोड्दा कार्यविनायक नगरपालिकाको कुल जनसंख्याको ३८,०३६ हुन्छ । जनघनत्व १,७६९.१ कि.मी अर्थात ४,५८२ वर्ग मि. छ

## ४.२ भौगोलिक अवस्था

कार्यविनायक नगरपालिका अन्तर्गतको छम्पी गाउँ पहाडी भेगमा पर्ने भएकाले यहाँको भौगालिक बनावट भीरपाखाले भरिएको छ । २१.५ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएर २७$^{0}$६४ उत्तरी अक्षांश र ८५$^{0}$३० पूर्वी देशान्तरमा अवस्थित रहेको छ । कार्यविनायक नगरपालिकाको सिमाना पूर्वमा ललितपुर उपमहानगरपालिकाको ठेचो,चापागाउँ, लेले क्षेत्र, पश्चिममा दक्षिणकाली नगरपालिका, उत्तरमा ललितपुर उपमहानगरपालिका वडा ४ र दक्षिणमा देविचौर गा.वि.स. सँग जोडिएको छ ।

## ४.३ धार्मिक, साँस्कृतिक र पर्यटकीय अवस्था

कार्यविनायक नगरपालिकाको धार्मिक, साँस्कृतिक र पर्यटकीय अवस्थाप्राचीन विशेषताका हिसाबमा दक्षिण एसियामा पहिलो जलविद्युत गृहबाट विद्युत परिक्षण गर्दा बत्ति बालेको पहिलो घर, उपत्यकाका चार विनायक मध्यको कार्यविनायक मन्दिर, नेपालकै लामो रातो मक्षिन्द्रनाथको मन्दिर, पाटीपौवा, प्राचीन नेवार बस्ति, विभिन्न हस्तकला र प्राचीन पोखरी आदि मूख्य आकर्षणका रुपमा रहेका छन् ।

## ४.४ घरमुलीको विवरण

**तालिका नं. १: घरमुलीको विवरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| बाबा | २० | ५२.६२% |
| आमा | १० | २६.३१% |
| दाजु | १ | २.६३% |
| दिदी-बहिनी | ७ | १८.४२% |
| जम्मा | ३८ | १००% |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका अनुसार नमुना छनोटमा परेका महिलाहरुलाई घरमुली को हुनुहुन्छ भन्ने सर्वेक्षणमा २० जना अर्थात ५२.६२% महिलाहरु बाबा घरमुली भएको, १० जना अर्थात २६.३१% महिलाहरु आमा घरमुली भएका, १ जना अर्थात २.६३% महिलाहरु दाजु घरमुली भएका र ७ जना अर्थात १८.४२% महिलाहरु अन्य सदस्य घरमुली भएको पाइयो । यसरी विश्लेषण गर्दा बाबा घरमुली भएको परिवार संख्या धेरै देखियो । बाबा नभएपछि मात्र आमा र अन्य घरमुली भएको यस सर्वेक्षणले देखाउँछ ।

## ४.५ उत्तरदातको उमेर

**तालिका नं. २: उमेर अनुसार उत्तरदातको विवरण**

| उमेर समूह | संख्या | प्रतिशत |
|---|---|---|
| १८-२७ | २३ | ६०.५२ |
| २८-३७ | १२ | ३१.५७ |
| ३८-४७ | २ | ५.२६ |
| ४८-५७ | ० | ० |
| ५८-६७ | १ | २.६३ |
| जम्मा | ३८ | १००% |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका अनुसार छनोटमा परेका १८-२७ बर्षका उत्तरदाता महिलाहरुको संख्या २३ जना अर्थात ६०.५५ प्रतिशत, २८-३७ वर्षका उत्तरदाता महिलाहरुको संख्या १२ जना अर्थात ३१.५७ प्रतिशत, ३८-४७ वर्षका उत्तरदाता महिलाहरुको संख्या २ जना अर्थात ५. २६ प्रतिशत, ५८-६७ वर्षका उत्तरदाता महिलाहरुको संख्या १ जना अर्थात २.६३ प्रतिशत देदिए । यहाँ सबै भन्दा बढि उत्तरदाता महिलाहरु १८-२७ वर्षका छन् र सबै भन्दा कम उत्तरदाता महिलाहरु ५८-६७ वर्षका छन् । यसरी विश्लेषण गर्दा थोरै उमेरका महिलाहरुको शैक्षिक स्तर बढेको देखिन्छ ।

## ४.६ उत्तरदातको शैक्षिक विवरण

**तालिका नं. ३: उमेर अनुसार उत्तरदातको शैक्षिक विवरण**

| शैक्षिक स्तर | संख्या | प्रतिशत |
|---|---|---|
| निरक्षर | १० | २६.३१% |
| प्राथमिक | ५ | १३.१५% |
| निम्न माध्यमिक | ३ | ७.८९ % |
| माध्यमिक | १० | २६.३१ % |
| उच्च माध्यमिक | १० | २६.३१ % |
| जम्मा | ३८ | १००% |

स्रोत: स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका अनुसार छनोटमा परेका उत्तरदाता महिलाहरुको शैक्षिक स्तरको सर्वेक्षण गर्दा निरक्षर उत्तरदाता महिला १० जना अर्थात २६.३१ प्रतिशत, प्राथमिक तहसम्म पढेका उत्तरदाता महिला ५ जना अर्थात १३.१५ प्रतिशत, निम्न माध्यामिक तह सम्म पढेकाउत्तरदाता महिलाहरु ३ जना अर्थात ७.८९ प्रतिशत, माध्यामिक तह सम्म पढेका उत्तरदाता महिलाहरु १० जना अर्थात २६.३१ प्रतिशत र उच्च माध्यामिक तहसम्म पढेका उत्तरदाता महिलाहरु पनि १०जना अर्थात २६.३१ प्रतिशत देखिए । यसरी अध्ययन गर्दा साक्षर र निरक्षर उत्तरदात महिलाहरुको संख्या बराबर देखिएको छ । यस सर्वेक्षणमा महिलाहरुको शैक्षिक स्तरमा सुधार देखिन्छ ।

## ४.७पारिवारीक संख्या

**तालिका नं. ४: परिवार संख्या**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| ३ | ८ | २१.०५२% |
| ४ | ११ | २८.९४७% |
| ५ | ९ | २३.६८४% |
| ६ | २ | ५.२६३% |
| ७ | ८ | २१.०५२% |
| जम्मा | ३८ | १००% |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका अनुसार नमुना छनोटमा परेका उत्तरदाता दलित महिलाहरुको परिवार संख्या सर्वेक्षण गरेकोमा परिवार सदस्य ३ जना भएका दलित महिला ८ जना अर्थात २१.०५२%, ४ जना परिवार सदस्य भएका ११ जना अर्थात २८.९४७%, ५ जना परिवार सदस्य भएका ९ जना अर्थात २३.६८४%, ६ जना परिवार सदस्य भएको २ जना अर्थात ५.२६३% र ७ जना परिवार सदस्य भएका ८ जना अर्थात २१.०५२% दलित महिलाहरु भेटिए । यसरी विश्लेषण गर्दा दलित महिलाहरुको परिवार संख्या अहिलेको अवस्थामा ठिकै मान्न सकिन्छ ।

## ४.८ दलित महिलाहरुको रोजगारीको अवस्था

**तालिका नं. ५:दलित महिलाको रोजगारीको अवस्था**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| गृहस्थी | २१ | ५५.२६% |
| रोजगारी | १० | २६.३१% |
| अन्य | ७ | १८.४२% |
| जम्मा | ३८ | १००% |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका अनुसार छनोटमा परेका उत्तरदात महिलाहरुलाई तपाई के गर्नुहुन्छ भनेर सर्वेक्षण गरिएकोमा २१ जना अर्थात ५५.२६% महिलाहरु गृहस्थी, १० जना अर्थात २६.३१% महिलाहरु रोजगारीमा र ७ जना अर्थात १८.४२% प्रतिशत महिलाहरु अन्यमा देखिए । यसरी विश्लेषण गर्दा दलित महिलाहरु बढि गृहस्थी भएको यस सर्वेक्षणले देखाउँछ ।

## ४.९ उत्तरदाताको आम्दानीको स्रोत

**तालिका नं. ६:उत्तरदाताको आम्दानीको स्रोत**

| आम्दानीको स्रोत | संख्या | प्रतिशत |
|---|---|---|
| ज्यालादारी | १७ | ४४.७३% |
| व्यापार | १० | ३६.३१% |
| तलब | ५ | १३.१५% |
| अन्य | ६ | १५.७८% |
| जम्मा | ३८ | १००% |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका अनुसार छनोटमा परेका उत्तरदात महिलाहरुको आम्दानीको स्रोतमा गरिएको सर्वेक्षणमा ज्यालादारीमा का गर्ने उत्तरदाता महिलाहरु १७ जना अर्थात ४४.७३ प्रतिशत, व्यापार गर्ने उत्तरदाता महिलाहरु १० जन अर्थात ३६.२.३१ प्रतिशत, रोजगारी गर्ने उत्तरदाता महिलाहरु ५ जना अर्थात १३.१५ प्रतिशत र केहि काम नगर्ने उत्तरदाता महिलाहरु ६ जना अर्थात १५.७८ प्रतिशत देखिए । यसरी विश्लेषण गर्दा दलित महिलाहरुको शैक्षिक स्तरमा केही सुधार आए पनि यसले शैक्षिक स्तरको निराकरण गर्न सकेको छैन भन्ने देखाउँछ ।

## ४.१० परिवारको शैक्षिक स्थिति

**तालिका नं. ७:परिवारमा शैक्षिक अवस्था**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| साक्षर | ३३ | ८६.८५% |
| निरक्षर | ५ | १३.१५% |
| जम्मा | ३८ | १००% |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका अनुसार छनोटमा परेका उत्तरदाता महिलाहरुलाई तपाईको परिवारको शैक्षिक अवस्था कस्तो छ भनेर गरिएको सर्वेक्षणमा ३३ जना अर्थात ८६.५८% महिलाहरु साक्षरता र ५ जना अर्थात १३.१५% महिलाहरु निरक्षरता भएको देखिए । यसरी विश्लेषण गर्दा दलित निरक्षरता भन्दा साक्षरता महिलाको प्रतिशत धेरै देखियो ।

## ४.११ सरकारी नियमबारे जानकारी

**तालिकानं. ८:सरकारी  नियमबारे दलित महिलमा जानकारी**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| छ | १५ | ३९.४७३% |
| छैन | २३ | ६०.५२७% |
| जम्मा | ३८ | १००% |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका अनुसार छनोटमा परेका उत्तरदाता महिलाहरुलाई नेपाल सरकारले दलित शिक्षा सम्बन्धि बनाएको नीति नियम कतिलाई थाहा छ, कतिलाई थाहा छैन भनेर गरेको सर्वेक्षणमा थाहा भएको दलित महिलाको जनसंख्या १५ जना अर्थात ३९.४७३% रहेको छ भने थाहा नभएको उत्तरदाताको संख्या २३ जना अर्थात ६०.५२७% रहेको छ । समग्रमा विश्लेषण गर्दा अझै पनि दलित महिलाहरुमा शिक्षाको कमिले गर्दा चेतनाको बृद्धि नभएको भनेर यस अध्ययनले देखाउँछ ।

## ४.१२नीति अनुसार शिक्षाको प्रकार

**तालिका नं. ९दलित महिला सम्बन्धि शैक्षिक नीति अनुसार शिक्षाको प्रकार**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| सामान्य | ८ | २१.०५२% |
| विशेष प्रकारको | ३० | ७८.९४७% |
| जम्मा | ३८ | १००% |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका अनुसार नमुना छनोटमा परेको उत्तरदाता दलित महिलाहरुलाई दलित महिला सम्बन्धि शैक्षिक नीति अनुसार कस्तो प्रकारको शिक्षा हुनुपर्दछ भन्ने सर्वेक्षणमा ८ जना अर्थात २१.०५२% महिला सामान्य र ३० जना अर्थात ७८.९४७% महिला  विशेवष प्रकारको शिक्षा हुनुपर्दछ भन्ने भेटिए । यसरी विश्लेषण गर्दा दलित महिलाहरुमा पनि शिक्षित हुनुपर्छ भन्ने चेतना भएको देखाउँछ ।

## ४.१३ शिक्षा स्तर वृद्धिका लागि धारणा

**तालिका नं. १०:दलित महिलारुको शिक्षा स्तर वृद्धिका लागि धारणा**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| शिक्षा राम्रो दिनुपर्छ | ३३ | ८६.८४२% |
| तालिम दिनुपर्छ | ५ | १३.१५७% |
| जम्मा | ३८ | १००% |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका अनुसार नमुना छनोटमा परेको उत्तरदाता महिलाहरुलाई दलित महिलाहरुलाई सक्षम बनाउन के गर्नुपर्छ भन्ने सर्वेक्षणमा ३३ जना अर्थात ८६.८४२% महिलाहरु शिक्षा राम्रो दिनुपर्छ भन्ने भेटिए भने ५ जना अर्थात १३.१५७% तामिम दिनुपर्छ भन्ने महिला भेटिए । यसरी विश्लेषण गर्दा दलित महिलाहरुमा पनि शिक्षामा महत्व दिनुपर्छ त्यसपछि अन्य चेतना र सीपमुलक तालिम दिनुपर्छ भन्ने चेतना भएको देखाउँछ ।

## ४.१४ शिक्षामा पँहुच सम्बन्धी धारणा

**तालिका नं. ११:दलित महिलाहरुको शिक्षामा पँहुच सम्बन्धी धारणा**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| निःशुल्क शिक्षा दिनुपर्छ | २८ | ६३.६८४% |
| छात्रवृत्तिको व्यवस्था हुनुपर्छ | ९ | २३.६८४% |
| भौतिक पूर्वाधारको व्यवस्था हुनुपर्छ | १ | २.६३1% |
| जम्मा | ३८ | १००% |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका अनुसार उत्तरदाता दलित महिलाहरुलाई दलित महिलाहरुको शिक्षामा पहुँच बनाउन के गर्नुपर्छ भन्ने सर्वेक्षणमा २८ जना अर्थात ६३.६८४% प्रतिशत महिलाहरु निःशुल्क शिक्षा हुनुपर्छ भन्ने र ९ जना अर्थात २३.६८४% महिलाहरु छात्रवृत्तिको व्यवस्था हुनुपर्छ भन्ने र १ जना अर्थात २.६1३% महिलाहरु भौतिक पूर्वाधारको व्यवस्था हुनुपर्छ भन्ने महिलाहरु भेटिए । यसरी विश्लेषण गर्दा शिक्षालाई बढि प्राथमिकता दिनुपर्छ तर अधिकांश दलित महिलाहरु आर्थिक कमजोरीले गर्दा पढ्न नसकेकोले गर्दा निःशुल्क शिक्षा सरकारले दिएमा दलित महिलाहरुको शैक्षिक स्तर माथि उठाउँन सकिने थियो भन्ने धारणा महिलाहरुमा आएको देखाउँछ ।

## ४.१५ छुवाछुतको स्थिति

**तालिका नं. १२ अध्ययन क्षेत्रमा छुवाछुतको स्थिति**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| छ | १९ | ५०% |
| छैन | १९ | ५०% |
| जम्मा | ३८ | १००% |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिकामा उत्तरदाता महिलाहरुलाई छुवाछुतको अन्त्य छ या छैन भन्ने सर्वेक्षणमा १९ जना अर्थात ५०% महिला छ भन्नेमा र १९ जना अर्थात ५०% महिला छैन भन्ने महिलाहरु भेटिए । छुवाछुतको अन्त्य छ या छैन भन्नेमा बरावर भए पनि विश्लेषण गर्दा छुवाछुतको अन्त्य भएको छैन भन्ने यस सर्वेक्षणले देखाउँछ ।

## ४.१६उपलब्धिमुलक शिक्षा सम्बन्धी धारणा

**तालिका नं. १३ःदलित महिलाहरुलाई कस्तो शिक्षा उपलब्धिमुलक**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| रोजगारमुलक | २५ | ६५.७८९% |
| साधारण | ३ | ७.८९४% |
| व्यवहारिक | १० | २६.३१५% |
| जम्मा | ३८ | १००% |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिकामा उत्तरदाता महिलाहरुलाई कस्तो प्रकारको शिक्षा उपलब्धिमुलक होला भन्ने सर्वेक्षणमा २५ जना अर्थात ६५.७८९% महिला रोजगार मुलक, ३ जना अर्थात ७.८९४% महिला साधारण र १० जना अर्थात २६.३१५% महिलाहरु व्यवहारिक भन्ने भटिए । रोजगार मुलक भन्ने अधिकांश दलित महिलाहरुमा चेतना भएको यस सर्वेक्षणले देखाउँछ ।

## ४.१७सार्वजनिक भेलामा छुवाछुतको अन्त्य

**तालिका नं. १४गाउँमा कुन पक्षमा छुवाछुतको अन्त्य**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| सार्वजनिक स्थलमा | २३ | ६०.५२६% |
| पानी/धारा | १४ | ३६.८४२% |
| मन्दिरमा | १ | २.६३१% |
| जम्मा | ३८ | १००% |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिकामा उत्तरदाता महिलाहरुलाई गाउँमा कुन पक्षमा छुवाछुतको अन्त्य भएको छ भन्ने सर्वेक्षणमा २३ जना अर्थात ६०.५२६% सार्वजनिक स्थलमा, १४ जना अर्थात ३६.८४२% पानी/धारा र १ जना अर्थात २.६३१% मन्दिरमा भन्ने महिलाहरु भटिए । यसरी विश्लेषण गर्दा विस्तारै छुवाछुतको अन्त्य हुँदै गएको छ भन्ने यस सर्वेक्षणले देखाउँछ ।

## ४.१८ राज्यद्धारा दलित महिलाहरुलाई प्रदान गरिएको सुविधाहरु

**तालिका नं. १५: राज्यबाट प्रदान गरिएका सुविधाहरु**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| निःशुल्क शिक्षा | १६ | ४२.१०५% |
| छात्रवृत्ति | २२ | ५६.८९४% |
| जम्मा | ३८ | १००% |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका अनुसार नमुना छनोटमा परेका महिलाहरुलाई राज्यबाट प्रदान गरिएका सुविधाहरु के के थाहा छ भन्ने सर्वेक्षणमा १६ जना अर्थात ४२.१०५% निःशुल्क शिक्षा र २२ जना अर्थात ५६.८९४% छात्रवृत्ति बारे थाहा भएको महिलाहरु भेटिए । यसरी विश्लेषण गर्दा दलित महिलाहरुलाई राज्यले के कति सुविधा दिएको छ भन्ने राम्ररी थाहा नभएको रहेछ भन्ने यस सर्वेक्षणले देखाउँछ ।

## ४.१९समुदायमा पुरुष र महिलाबीच विभेद

**तलिका नं. १६:समुदायमा महिला र पुरुष बीच विभेद**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| छ | ३ | ७.९०% |
| छैन | ३५ | ९२.१०% |
| जम्मा | ३८ | १००% |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका अनुसार नमुना छनोटमा परेका दलित महिलाहरुलाई समुदायमा महिला पुरुष बीचको विभेद छ, छैन भनेर गरिएको सर्वेक्षणमा ३ जना अर्थात ७.९०% महिलाहरु छ भन्नेमा भेटिए भने ३५ जना अर्थात ९२.१०% महिलाहरुछैन भन्नेमा भेटिए । यसरी विश्लेषण गर्दा महिला पुरुष बीच विभेद नभएको यस सर्वेक्षणले देखाउछ ।

## ४.२०दलित महिलाहरुको चेतना वृद्धिका लागि पहल गर्नु पर्ने पक्षहरु

**तालिका नं. १७:दलित महिलाहरुको चेतना वृद्धि गर्न**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| शिक्षा दिनुपर्छ | ३२ | ८४.२२% |
| तालिम दिनुपर्छ | ६ | १५.७८% |
| जम्मा | ३८ | १००% |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका अनुसार नमुना छनोटमा परेका महिलाहरुलाई महिलको चेतना वृद्धि गर्न सरकारले के गर्नुपर्ला भन्ने सर्वेक्षणमा ३२ जना अर्थात ८४.२२% महिलाहरु शिक्षा दिनुपर्छ भन्नेमा र ६ जना अर्थात १५.७८% महिलाहरु तालिम दिनुपर्छ भन्नेमा भेटिए । यसरी विश्लेषण गर्दा शिक्षा दिनुपर्छ भन्ने महिला बढि भटिए । शिक्षाले नै दलित महिलाहरुको चेतना वृद्धि गर्नसक्छ भन्ने यस विश्लेषणले देखाउछ ।

## ४.२१छुवाछुतको स्थिति

**तलिका नं. १८: छुवाछुत पहिले र अहिले**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| छ | २७ | ७१.०६% |
| छैन | ११ | २८.९४% |
| जम्मा | ३८ | १००% |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका अनुसार छनोटमा परेका महिलाहरुलाई गाउमा छुवाछुतको पहिला र अहिले फरक छ कि छैन भनेर गरिएको सर्वेक्षणमा २७ अर्थात ७१.०६% महिलाहरु छ भन्नेमा र ११ जना अर्थात २८.९४% महिलाहरु छैन भन्नेमा भेटिए । यसरी विश्लेषण गर्दा पहिलेको तुलनामा अहिले धेरै फरक भएको छ । पहिला सार्वजनिक ठाउँमा जस्तैः मन्दिर, धारामा जान नपाएको तर अहिले त्यस्ता ठाउँमा रोकावट छैन । भन्ने महिलाहरुको संख्या धेरै देखिनाले छुवाछुतमा पहिला भन्दा अहिले धेरै फरक भएको यस सर्वेक्षणलाई विश्लेषण गर्दा देखाउछ ।

## ४.२२ दलित महिलामा शिक्षाको पँहुच

**तालिका नं. १९: शिक्षामा दलिता महिलाको पँहुच**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| न्युन | ४ | १०.५३% |
| मध्यम | ३४ | ८९.४७% |
| जम्मा | ३८ | १००% |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका अनुसार छनोटमा परेका उत्तरदाता महिलारुलाई शिक्षामा दलित महिलाहरुको पहुँच कस्तो छ भनेर गरिएको सर्वेक्षणमा ४ जना अर्थात १०.५३% महिलाहरु न्युन र ३४ जना अर्थात ८९.४७% महिलाहरु मध्यम खालको पहुँच छ भन्ने देखिए । यसरी विश्लेषण गर्दा शिक्षामा दलित महिलाहरुको पहुँच मध्यम छ भन्ने बुझिन्छ ।

## ४.२३आपसी सम्बन्ध

**तालिका नं. २०:दलित महिलाहरु बिचको आपसी सम्बन्ध**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| ठिक छ | ३८ | १००% |
| जम्मा | ३८ | १००% |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका अनुसार छनोटमा परेका उत्तरदाता महिलाहरु महिलाहरु बीचको आपसी सम्बन्ध कस्तो छ भनेर गरिएको सर्वेक्षणमा ३८ जना अर्थात १००% महिलाहरु नै आपसी सम्बन्ध ठिक छ भन्ने देखिए । यसरी विश्लेषण गर्दा दलित महिलाहरुको आपसी सम्बन्ध धेरै राम्रो छ भन्ने बुझिन्छ ।

## ४.२४शिक्षाबाट वञ्चित हुनुको कारण

**तालिका नं. २१:शिक्षाको उज्यालोबाट बञ्चित हुनुको कारण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| कचेतनाको कमि | १३ | ३४.२१% |
| गरिबी | २२ | ५७.८९% |
| असुविधा | ३ | ७.८९% |
| जम्मा | ३८ | १००% |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका अनुसार छनोटमा परेका उत्तरदाता महिलाहरुलाई शिक्षाको उज्यालोबाट बन्चित हुनुको कारण के छ भनेर गरिएको सर्वेक्षणमा १३ जना अर्थात ३४.२१% महिलाहरु चेतनाको कमि, २२ जना अर्थात ५७.८९% महिलाहरु गरिबी र तीन जना अर्थात ७.८९% महिलाहरु अन्यमा देखिए । यसरी विश्लेषण गर्दा गरिबीको कारणले शिक्षाको उज्यालोबाट बन्चित हुनु परेको यस सर्वेक्षणले देखाउँछ ।

## ४.२५ दलित महिलाहरुको समस्या

**तालिका नं. २२  दलित महिलाहरुको समस्या**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| सामाजिक समस्या | १७ | ४४.७३% |
| राजनैतिक समस्या | ५ | १३.१९% |
| आर्थिक समस्या | १४ | ३६.८४% |
| अन्य समस्या | २ | ५.२६% |
| जम्मा | ३८ | १००% |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका अनुसार छनोटमा परेका उत्तरदाता महिलाहरुलाई दलित महिलाहरुको समस्या कस्तो किसिमको हो भनेर गरिएको सर्वेक्षणमा १७ जना अर्थात ४४.७३% महिलाहरु सामाजिक समस्या, ५ जना अर्थात १३.१९% महिलाहरु राजनैतिक समस्या, १४ जना अर्थात ३६.८४% महिलाहरु आर्थिक समस्या र २ जना अर्थात ५.२६% महिलाहरु अन्यमा देखिए । यसरी विश्लेषण गर्दा दलित महिलाहरुको शैक्षिक स्तर सुधार हुन नसक्नु सामाजिक समस्या हो भनेर यस सर्वेक्षणले देखाउँछ ।

## ४.२६संघसंस्थामा आवद्धता

**तालिका नं. २३: दलित महिलाको संघसंस्थाकोमा आवद्धता**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| छ | २३ | ६०.५२% |
| छैन | १५ | ३९.४८% |
| जम्मा | ३८ | १००% |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका अनुसार छनोटमा परेका उत्तरदाता महिलाहरुलाई दलित सम्बन्धि कुनै संघ संस्थामा आवद्ध हुनुहुन्छ भनेर गरिएको सर्वेक्षणमा २३ जना अर्थात ६०.५२% महिलाहरु छ भन्नेमा र १५ जना अर्थात ३९.४८% महिलाहरु छैन भन्नेमा दखिए । यसरी विश्लेषण गर्दा संघ संस्थामा आवद्ध भएको महिलाहरुको संख्या बढि देखियो । यस सर्वेक्षणले दलित महिलाहरु कुनै संघ संस्थामा आवद्ध भएर काम गरिरहेको देखाउँछ ।

## ४.२७दलित महिलाहरुको शिक्षाको अवस्था सम्बन्धी धारणा

अहिलेको अवस्थामा शिक्षा विनाको जीवन अन्धकार नै हुन्छ । हामीसंग उचित शिक्षा भएन भने हाम्रो जीवन असक्षम हुन्छ । शिक्षा मानिसको जीवनलाई अगाडी बडाउने बाटो हो । शिक्षाले नै हामीलाई ज्ञान दिन्छ । हाम्रो समाज अझै पनि पुरुष प्रधान नै भएकोले पुरुषको तुलनामा महिला धेरै अशिक्षित भएकोले महिलाको अवस्था दयनीय भएको उत्तरदाता महिलारुको भनाई छ । अशिक्षाकै कारण महिलाहरु आत्मनिर्भर हुनसकेका छैनन् । धेरै महिलाहरु घरमा गृहणी भएर भएर बस्नु परेको र जागिर गरेको पनि राम्रो जागिर नभएको अवस्था देखिन्छ । समाजमा दलित महिलारुलाई हेर्ने दृष्टिकोण, परम्परा, मुल्य मान्यतालाई परिवर्तन गर्न महिलारु शिक्षित बनाउन निःशुल्क शिक्षा दिनुका साथै सिपमुलक तालिम र जनचेतनामुलक कार्यक्रम गरेर आत्मनिर्भर बन्न सक्ने आधार निर्माण गरिदिनुपर्छ र यसले आय आर्जनको बाटो खोलिदिने भएकोले दलित महिलाहरुले आफुलाई आत्म विश्वास दिलाउन सक्छन् भन्ने उत्तरदाता महिलाहरुको भनाई छ ।

दलित महिलाहरु शिक्षित नहुँदा दलित महिलाहरुको मात्र समस्या नभएर सिंगो समाजलाई असर परेको हुन्छ ।त्यसैले चेतनामुलक कार्यक्रम संगै विभिन्न सिपमुलक तालिम दिनुपर्छ । दलित महिलाहरुलाई हेर्ने दृष्टिकोण मूल्य मान्यतालाई परिवर्तन गरेर आर्थिक सुधार गर्नको लागि पनि दलित महिलाहरु शिक्षित हुन आवश्यक छ । शिक्षाले नै परम्परागत रुढिवादीलाई हटाएर महिलाहरुलाई आत्म निर्भर बनाउँछ भन्ने उत्तरदाता महिलाहरुको धारणा छ ।

दलित महिलाहरुको शैक्षिक स्तरलाई माथि उठाउनको लागि निःशुल्क शिक्षा, रोजगार मुलक तालिमको व्यवस्था गर्ने कानुन सरकारले बनाउनुका साथै व्यवहारिक रुपमा लागू गर्न आवश्यक दखिन्छ । जुन विभिन्न व्यक्तिहरुको धारणाबाट प्रष्ट हुन्छ ।

## ४.२८वैयक्तिक अध्ययनहरु

### वैयक्तिक अध्ययन-१

ललितपुरको धापाखेलमा गा.वि.स. मा वि.सं. २०२६ सालमा लक्ष्मी पुर्कुटीको जन्म भएको थियो । उहाँको दुई दिदि र एउटा भाई हुनुहन्छ । उहाँ साधारण लेखपढ गर्न सक्नुहुन्छ । साधारण परिवारमा जन्मिएकोले उहाँको बाल्य अवस्था कठिनाईपुर्ण बितेकोले पनि पढ्न नपाएको दुःख व्यक्त गर्नुहुन्छ । उहाँको परिवार छम्की गा.वि.स. (हालको कार्यविनायक नगरपालिका-१६) मा बस्छ । अहिले उहाँ गृहणी महिला हुनुहुनछ । उहाँको परिवारमा चार छोरा र चार बुहारी छन् । गरिबीको कारणले छोराहरुलाई सामान्य साक्षर मात्र बनाएको छु भन्नुहुन्छ ।

उहाँ विभिन्न संघ संस्थाको समुहमा आवद्ध भएर काम गर्दै आउनु भएको छ । विं.सं. २०६५ सालमा दलित महिला संघ भन्ने संस्था समुह बनेपछि उक्त समुहको अध्यक्ष भई विभिन्न काम लिई नेतृत्व तालिम, मानव अधिकार जस्ता तालिम लिई काम गर्ने क्रममा दलित महिला संघ (फेडो) मा सहभागी हुनुभयो । फेडोले उहाँलाई काठमाडौं बाहिरका विभिन्न ठाउँमा लगेर तालिम दिइयो । वि.सं. २०५९ सालमा ए नेकपा माओवादीमा आवद्ध भएर काम गर्ने क्रममा अझ बढि चर्चित हुनुभएको थियो । अहिले फेडो अन्तर्गतको भगवती महिला बचत समुहको अध्यक्ष, विद्यालयको व्यवस्थापन समितिमा त्यस्तै भुमि अधिकार मञ्च भन्ने संस्थामा सक्रिय सहभागी भई काम गर्दै आउनु भएको छ । लक्ष्मी पुर्कुटी गाउँमा हुने विभिन्न हिंसा तथा अन्यायमा परेका व्यक्तिहरुलाई सहयोग गर्दै आउनु भएको छ । आफुलाई गायिका भनेर पनि चिनाउनुहुन्छ । उहाँ विभिन्न कार्यक्रममा गीत गाएर पुरस्कार पनि प्राप्त गर्नुभएको छ । २०६४ सालमा दलित महिला संघले प्रौढ कक्षा सञ्चालन गरेपछि अझ धेरै सिक्ने अवसर मिलेको भन्नुहुन्छ । दलित महिला संघले राजनीतिक तालिम दिए पछि अरुलाई राजनीतिक आस्था बारे जानकारी गराउँनु भएको छ । शिक्षा विनाको जीवन अधुरो अनि अन्धकार हुनछ ।शिक्षाले नै मान्छेको चेतनालाई वृद्धि गराउँछ भन्नुहुन्छ ।

# वैयक्तिक अध्ययन २

कार्य विनायक नगरपालिका छम्पी १६ मा वि.सं. २०४५ सालमा सिमा नेपालीको जन्म भएको थियो । उहाँ परिवारको पहिलो सदस्य हुनुहन्छ । उहाँको परिवारमा चार जना हुनुहुन्छ । उहाँले छम्की देवि उच्च माद्यामिक विद्यालयमा शिक्षा हाँसिल गर्नु भएको छ । निम्न वर्गको परिवारमा जन्मेर पनि सिमा नेपाली शिक्षित महिला अन्तर्गतको एक महिला हुनुहुन्छ । अपाङ्ग भएकोले पनि उनको बाबाबाट धेरै माया पाउँनुभएको थियो । त्यसैले बाल्यकालमा कहिलै दुःख गर्नु परेन ।

सिमा नेपाली अपाङ्गको अफिसमा काम गरेर बाँकी रहेको समय कम्प्युटर सिक्न जान्छ भन्नुहुन्छ । दलित महिला संघ फेडोद्धारा दिइएको तालिम र गोष्ठीहरुमा सहभागी भएर तालिम लिइसक्नु भएको छ । अपाङ्ग भएर पनि बाँच्न सक्ने आधार बनाउनको लागि पनि दलितका विभिन्न संघ संस्थाहरुमा आवद्ध भएर तालिम लिएको हुँ भन्नुहुन्छ । उहाँ धेरै मिलनसार व्यक्ति हुनुहुन्छ ।उहाँलाई दलित महिलाहरुको शिक्षाको अवस्था बारे प्रश्न गर्दा यसरी भन्नुहुन्छ शिक्षा हाम्रो जीवनको महत्वपूर्ण अङ्ग हो । शिक्षा नै जीवन, चेतना, ज्ञान, रोजगार र परिवर्तनको बाटो हो, जसले हाम्रो भविष्यको बाटो निर्माण गर्दछ । शिक्षा नयाँ नेपालको लागि एक महत्वपूर्ण माध्यम हो, जसले हरेक व्यक्तिको सोचलाई परिवर्तन गरि पुराना गलत परम्परालाई हटाउन सक्छ । अझ हामी जस्तो पिछडिएको वर्गको लागि शिक्षा अति नै आवश्यक भएको छ, उहाँ थप्नुहुन्छ । जन्मेदखि अपाङ्ग हुनु भएता पनि बाल्य अवस्थादखि नै बाबा आमाको धेरै माया पाउनु भयो । बाबा आमाले कहिल्यै दुःख दिनु भएन भन्नुहुन्छ । विद्यालय पढ्दा पनि उहाँको साथिहरुले राम्रो व्यवहार देखाउनु हुन्थ्यो रे, शिक्षकले धेरै माया गर्नुहुन्थ्यो रे । अनि उत्तिकै पढ्नको लागि प्रोत्साहन दिनुहुन्थ्यो रे । एस.एल.सी दिएपछि दलित संघको विभिन्न संघ संस्थामा सहभागी हुदै जानुभएको भन्नुहुन्छ ।

# अध्याय-पाँच

## सारांश एवं निष्कर्ष

### ५.१ सारांश

प्रस्तुत अध्ययन ललितपुर जिल्लामा पर्ने कार्यविनायक नगरपालिकाको छम्पी गाउँको वडा नं. १६ मा गरिएको हो । छम्पी गाउँमा दलित महिलाहरुको शैक्षिक अवस्था, दलित महिलाहरुको लागि नेपाल सरकारले तय गरेको नीति नियम, दलित महिलाहरुको शिक्षामा पहुँच, छुवाछुतको अन्त्य अध्ययन क्षेत्रमा कति भएको छ या छैन, राज्यले प्रदान गरेका सुविधाहरु उत्तरदाता महिलाहरुलाई थाहा छ या छैन, दलित समुदायमा महिला पुरुष विच विभेद छ कि छैन साथै दलित महिलाहरु बीच आपसी सम्बन्ध कस्तो छ भन्ने जस्ता अवधारणा प्रति उत्तरदाता दलित महिलाहरुको धारणा के के छन् आदि पत्ता लगाउने यस अध्ययनको उदेश्य रहेको छ । यस अध्ययनको क्रममा आवश्यक तथ्यहरु संकलनको लागि प्राथमिक तथा द्धितीय तथ्याङ्कको प्रयोग गरिएको छ ।

प्रस्तुत अध्ययन गर्ने क्रममा निश्चित स्रोत साधन, समय तथा आर्थिक अभावको कारणले गर्दा त्यहाँका सम्पूर्ण दलित महिलाहरुलाई समट्न सकिएको छैन । त्यसैले यस अध्ययनमा ३८ जना महिलाहरुलाई समेटेर दलित महिलाहरुका लागि नेपाल सरकारले तय गरेका नीति नियम बारे के कति थाहा छ ? शिक्षाको पहुँच बढाउन के गर्नुपर्छ ? कस्तो प्रकारको शिक्षा दिएमा त्यहाँको शैक्षिम स्तर बढाउन सकिन्छ ? गाउँमा छुवाछुतको अन्त्य भएको छ कि छैन ? दलित महिलाको चेतनालाई वृद्धि गर्न सरकारले कस्तो पहल गर्नुपर्छ ? दलित समुदायमा महिला पुरुष बीचको विभेद कस्तो छ ? गाउँमा छुवाछुत पहिला र अहिले कति फरक छ ? महिलाहरु बीचको आपसी सम्बन्ध कस्तो छ ? राज्यले प्रदान गरेको सुविधा के कति थाहा छ ?दलित महिलाहरु शिक्षाबाट बञ्चित हुनुका कारणहरु के के हुन् ? दलित महिलाको समस्या कस्तो प्रकारको समस्या हो ? यस प्रति उत्तरदाता दलित महिलाहरुको धारणा के छ ? आदि पक्षका बारेमा अध्ययन गरिएको छ । प्रस्तुत अध्ययनका क्रममा नेपाल सरकारले तय गरेका नीति नियम बारे कति जना उत्तरदाता महिलाहरुलाई थाहा छ कति जना महिलाहरुलाई थाहा छैन भन्ने बारे अध्ययन गरिएकोमा थाहा छ भन्ने महिलाहरुको संख्या १५ अर्थात ३९.४७३ प्रतिशत र थाहा छैन भन्ने महिलाहरुको संख्या २३ अर्थात ६०.५२७ प्रतिशत रहेको छ ।

प्रस्तुत अध्ययनमा उत्तरदाता महिलाहरु मध्य शिक्षाको स्तरलाई वर्गिकरण गरेर विश्लेषण गर्दा पढ्न नपाएको उत्तरदाता महिलाहरु २६.३१५ प्रतिशत रहेका छन् भनेएस.एल.सी. नगरेका महिलाहरु ४२.१०५ प्रतिशत रहेका छन् र एस.एल.सी. पास गरेका

वा सो भन्दा माथि पढेका महिलाहरुको प्रतिशत ३१.५६ प्रतिशत रहेको छन् । त्यस्तै दलित महिला सम्बन्धि शैक्षिक नीति अनुसार शिक्षाको प्रकार कस्तो हुनुपर्छ भन्ने प्रश्नमा २१.०५२ प्रतिशत उत्तरदाता महिलाहरुले सामान्य प्रकारको हुनुपर्छ भनेका छन् भने ७८.९४७ प्रतिशत उत्तरदाता महिलाहरुले विषेश प्रकारको शिक्षा नीति हुनुपर्छ भनेका छन् । जसले दलित महिलाहरुको शैक्षिक स्तरलाई बदल्न सकोस र दलित महिला सक्षम बन्न सकुन् भन्ने उनीहरुको तर्क छ ।

यस अध्ययनका क्रममा दलित महिलाहरुलाई सक्षम बनाउन के गर्नुपर्छ भनेर सोधिएको प्रश्नमा ८६.८४२ प्रतिशत उत्तरदाता महिलाहरुले शिक्षा राम्रो दिनुपर्छ भनेका छन् भने १३.१५६ प्रतिशत उत्तरदाता महिलाहरुले तालिम दिनुपर्छ भनेका छन् । यसै गरि दलित महिलाहरुलाई शिक्षामा पहुँच बढाउन के गर्नुपर्छ भनेर सोधिएको प्रश्नमा ७३.६८४ प्रतिशत उत्तरदाता महिलाहरुले निःशुल्क शिक्षा दिनुपर्छ भनेका छन् र २३.६८४ प्रतिशत उत्तरदाता महिलाहरुले छात्रवृतिको व्यवस्था हुनुपर्छ भनेका छन् भने २.६३१ प्रतिशत उत्तरदाता महिलाहरुले भौतिक पूर्वाधारको व्यवस्था हुनुपर्छ भनेका छन् ।

प्रस्तुत अध्ययनका क्रममा कस्तो शिक्षा उपलब्धि मुलक छ भन्ने प्रश्नमा ६५.७८९ प्रतिशत उत्तरदाता महिलाहरुले रोजगार मुलक भनेका छन् भने ७.८९४ प्रतिशत उत्तरदाता महिलाहरुले साधारण भनेका छन् भने २६.३१५ प्रतिशत उत्तरदाता महिलाहरुले व्यावसायीक भनेका छन् । त्यस्तै दतिल महिलाहरुको शिक्षामा पहुँच न्यून छ भन्ने उत्तरदाता महिलाहरुको संख्या १०.५३ प्रतिशत रहेका छ भने मध्यम छ भन्ने उत्तरदाता महिलाहरु ८९.४७ प्रतिशत रहेका छन् । यसै गरि हरेक परिवारको शैक्षिक अवस्था बारे अध्ययन गर्ने क्रममा ८६.८५ प्रतिशत उत्तरदाता महिलाहरुले साक्षरता छ भनेका छन् भने १३.१५ प्रतिशत उत्तरदाता महिलाहरुले निरक्षरता छ भनेका छन् ।

यस अध्ययनका क्रममा उत्तरदाता महिलाहरु मध्ये ५० प्रतिशत महिलाहरुले छुवाछुतको अन्त्य भएको छ भनेका छन् भने ५० प्रतिशत महिलाहरुले छुवाछुतको अन्त्य भएको छैन भनेका छन् । यस अध्ययनले छुवाछुतको अन्त्य भएको छैन भन्ने देखिन्छ ।

प्रस्तुत अध्ययनको क्रममा उत्तरदाता महिलाहरु मध्ये ७.९० प्रतिशत महिलाहरुले महिला पुरुष बीच विभेद छ भनेका छन् भने ९२.१० प्रतिशत उत्तरदाता महिलाहरुले महिला पुरुष बीच विभेद छैन भनेका छन् । त्यस्तै गरि अध्ययनको क्रममा १०० प्रतिशतउत्तरदाता महिलाहरुले दलित महिलाहरु बीच आपसी सम्बन्ध राम्रो छ भनेका छन् ।

प्रस्तुत अध्ययनका क्रममा उत्तरदाता महिलाहरुमध्ये ३४.२१ प्रतिशत महिलाहरुले चेतनाको कमिले गर्दा दलित महिलाहरु शिक्षाको उज्यालोबाट बञ्चित भएको कारण बताउँछन् भने ५६.८९ प्रतिशत उत्तरदाता महिलाहरुले गरिबीको कारणले गर्दा शिक्षाको

उज्यालोबाट बञ्चित भएको बताउँछन् र ७.८९ प्रतिशत उत्तरदाता महिलाहरुले अन्य कारणबाट पनि दलित महिलाहरु शिक्षाको उज्यालोबाट बञ्चित हुनु परेको बताउँछन् । यस अध्ययनले दलित महिलाहरु गरिबीको कारणले गर्दा शिक्षामा बञ्चित भएको बताउँछ ।

यस अध्ययनको क्रममा उत्तरदाता महिलाहरुमध्ये ४४.७३ प्रतिशत महिलाहरुले दलित महिलाहरुको समस्या सामाजिका समस्या हो भनेका छन् भने ३६.८४ प्रतिशत उत्तरदाता महिलाहरुले आर्थिक समस्यालाई दलितको दलितको समस्याको रुपमा देखाएका छन् र १३.१९ उत्तरदाता प्रतिशत महिलाहरुले राजनैतिक समस्या देखाएका छन् भने ५.२६ प्रतिशत उत्तरदाता महिलाहरुले अन्य समस्यालाई दलित महिलाहरुको समस्या देखाएका छन् ।

प्रस्तुत अध्ययन गर्ने क्रममा उत्तरदाता महिलाहरुमध्ये ६०.५२ प्रतिशत महिलाहरु दलित सम्बन्धि कुनै संघ सस्थामा आवद्ध भएको बताउँछन् भने ३९.४८ प्रतिशत उत्तरदाता महिलाहरुले दतिलको संघ सस्थामा नभएको बताउँछन् । दलित महिलाहरुमा जनचेतनाको कमिले गर्दा पनि पछाडी परेका छन् । अधिकांश उत्तरदाता महिलाहरुलाई नेपाल सरकारले दिएको सुविधाहरुको बारेमा थाहा नभएको यस अध्ययनले देखाउँछ । गरीबीको कारणले गर्दा दैनिक जीवन निर्वाह गर्नको लागि घर बाहिर र घरभित्र आफै काम गर्नु परेकोले त्यहाँ महिलाहरुले स्कुल पढे पनि माथिल्लो स्तरमा उनीहरुले पढाइलाई अगाडी बढाउन नसकेको पाइयो ।

## ५.२ निष्कर्ष

प्रस्तुत अध्ययनका क्रममा छनोट गरिएका अधिकांश उत्तरदाता महिलाहरु अशिक्षित तथा सामान्य शिक्षित र केही महिलाले मात्र उच्च शिक्षा लिएको पाइयो । उत्तरदाता महिलाहरु रुढीवादी सामाजिक सस्कारमा हुर्केका कारण आफ्नो हक अधिकार के कति सुविधाहररु सरकारले दिएको छ भन्ने बारे थाहा नभएको पाइयो । उत्तरदाता महिलाहरु अशिक्षित हुँदा उनीहरुको केही आय आर्जन पनि नभएको र चेतनामा पनि कमि भएको पाइयो साथै थोरै महिलाहरु मात्र कुनै संघ सस्थामा जागिरमा संलग्न रहेको पाइयो ।

शिक्षा कै कारणले गर्दा दलित महिलाहरु छुवाछुत, भेदभाव, सामाजिक, राजनीतिक बहिष्करणमा पारिएका छन् । त्यति मात्र होइन, उनीहरुले आम नेपालीले भाग्दै आइरहेको पृतिसत्तात्मक उत्पीडन पनि भोगिरहेका छन् । एकातिर उनीहरुको राजनीतिका र प्रशासनिक पौँच छैन । अर्को तिर उनीहरु आर्थिक विपन्नताका कारणले बेचविखन, बलत्कार, यौन शोषण जस्ता हिंसाको सिकार छन् ।

अहिलेको वर्तमान समयमा पनि विद्यमान परम्परादखि चल्दै आएको परम्परागत रितिरिवाज, धार्मिक कुसंस्कार, मूल्य मान्यताका कारण जातिय छुवाछुत र भेदभाव दलित समुदायले भोग्नु परेको पाइयो । त्यसमा दतिल महिलाहरु छुवाछुतको सिकार हुँदै आएका छन् । केही शिक्षित उत्तरदाता महिलाहरुका अनुसार नेपाल अधिराज्यको संविधान २०४७ ले पहिलो पटक छुवाछुतको भेदभावलाई दण्डनिय बनाएको थियो । अन्तरिम संविधान २०६३ ले पनि जातिय छुवाछुत विरुद्धको हकलाई व्यवस्था गरेको भए पनि व्यवहारमा भने दलित महिलाहरु छुवाछुतको कारण अपमानित भइरहदा पनि सरकारले कारबाही गर्न नसकेको भन्दछन् । अर्कोतिर विभेदकारी मूल्य मान्यता कै कारण उनीहरुको सामाजिक हैसियत कमजोर बनाएकोले समाजमा दलित महिलाले दोस्रो दर्जाको महिलाका रुपमा बाच्नुपर्ने बाध्यता दलित महिलाहरुले नै बढि भोग्नु परेको यस अध्ययनले देखाउँछ ।

अधिकांश दलित समुदाय नै भूमिहिन अवस्थामा रहेकाले भूमिमाथि दलित महिलाको स्वामित्व हुने अवस्था नै रहेन । भूमिको स्वामित्व पुरुषमा हुने भएकोले थोरै भूमि हुने दलित परिवारमा पनि महिलाको स्वामित्व स्थापित हुन सकेको छैन । त्यस्तै अर्थतन्त्रको एउटा स्रोत रोजगार हो । शिक्षिमा पहुँच नभएकोले दतिल महिलाहरु रोजगारबाट बञ्चित छन् । समान श्रमको समान ज्याला दिने व्यवस्था नेपाली समाजमा अझै स्थापित हुन सकेको छैन । दलित महिलाको विशेषता नै श्रमिकपना हो तर शोषणमुलक श्रम सम्बन्धका कारण उनीहरुको आर्थिक जीवन अत्यन्तै कष्टकर छ । उत्पादनको मुख्य थलो भूमिमाथि स्वामित्व नहुनु, शिक्षामा पहुँच नभएको कारणले रोजगारीका अवसरबाट बञ्चित हुनु, छुवाछुत भेदभावका कारण व्यवसाय सहज रुपमा गर्न नसक्नु जस्ता समस्यालाई समधान गर्नको लागि दलित महिलाहरुको शैक्षिक अवस्था सुधार्नु पर्ने आवश्यकता देखिन्छ ।

त्यस्तै दलित महिलाहरुका यी समस्या समाधानका लागि राज्य, राजनीतिका दल, नागरिक समाज र महिला आन्दोलनको भूमिका पर्याप्त हुन सकेको छैन । दलित महिलाहरुको मुद्दा स्वभाविक रुपमा दलित आन्दोलन कै मुद्दामा अर्न्तनिहित छ । यद्यपी दलित महिला विशेषका मुद्दामा भने दलित आन्दोलनको पनि ध्यान पर्याप्त हुन सकेको छैन । राज्यबाट उत्पीडनमा पारिएका बहुसंख्यक दलित, महिला, आदिबासी, जनजाति, मधेशी समुदायले उत्पीडनको अन्त्य गरी समानता र न्यायमा आधारित सु-व्यवस्थाका लागि राज्यको पुनःसंरचनाको मुद्दा उठाउँदै आएको पाइन्छ । यसरी सामाजिक, साँस्कृतिक, आर्थिक, राजनीतिक क्षेत्रमा आमुल परिवर्तन गरी समानतामा आधारित राज्य व्यवस्था निर्माणको मुद्दालाई राजनीतिक रुपमा स्थापीत गराएर दलित महिलाहरुको स्तरलाई माथि उठाउनु आजको आवश्यकता हो । यदि राज्यले दलित महिलाहरुको समस्यालाई बेवास्ता गरेमा नेपाली समाजलाई असर पर्छ । त्यसैले राज्यले दलित महिलाहरुको शैक्षिक स्तरलाई परिवर्तन गर्नको लागि दलित महिलाहरुलाई गुणस्तरिय शिक्षा दिन आवश्यक छ ।

दलित समुदायका लागि सरकारले विभिन्न कानुन बनाएको छ । जस्तैः दलित विद्यार्थीहरुलाई प्राथमिक देखि उच्च शिक्षासम्म कानुन बमोजिम छात्रवृति सहित निःशुल्क शिक्षाको व्यवस्था, प्राविधिक र व्यवसायीक उच्च शिक्षामा दलितका लागि कानुन बमोजिमको विशेष व्यवस्था, दलित समुदायलाई स्वास्थ्य र सामाजिक सुरक्षाको व्यवस्था, छुवाछुत तथा भेदभाव विरुद्धको हक सम्बन्धिको व्यवस्था, आवास विहिन दलितहरुलाई कानुन बमोजिम बसोवासको व्यवस्था आदि कानुन बनाए पनि दलित महिलाहरुलाई यी कानुन बमोजिमको लागू हुने कुरा भएन । यहाँका दलित पुरुषहरुले पनि राज्यले दिएको कानुन बमोजिमको हक अधिकार पाउन नसकेको कुरा यस अध्ययनबाट पनि स्पष्ट भएको छ । त्यसैले दलित महिलाहरुको शैक्षिक स्तरलाई परिवर्तन गर्नको लागि सबै नेपाली हरु एक भएर दलितको समस्या हटाउँनुपर्छ । दलित समुदायलाई राज्यले दिएको अधिकार व्यवहारिक रुपमा प्रयोग गरेको हुनुपर्छ । त्यस पछि मात्र दलित समुदायको महिलाहरुको शैक्षिक स्तरलाई सुधार गर्नको लागि विभिन्न योजना तयार गर्नुपर्छ ।  दलित महिला सम्बन्धि शैक्षिक गतिविधि समेटिएको चेतनामुलक सन्देश दलित बस्तिहरुमा फैलाउनुपर्छ । दलित महिलाहरु गरिब भएर मात्र होईन चेतनाको कमि हुनाले पनि उनीहरुको शैक्षिक योग्यता कमजोर देखिन्छ । त्यसैले जबसम्म दलित महिलाहरुमा चेतनाको विकास हुँदैन तबसम्म उनीहरुको शिक्षामा विकास हुदैन ।

# सन्दर्भ सूची


आचार्य, बलराम (वि.सं. २०७०), *लैङ्गिक तथा महिलावादी अध्ययन,* काठमाडौं : राष्ट्रिय बुक सेन्टर

आहुती, (वि.सं. २०६७), *नेपालमा वर्ण व्यवस्था र वर्ग संघर्ष,*ललितपुर : समता फाउण्डेशन पुल्चोक

केन्द्रीय तथाङ्क विभाग (वि.सं. २०६८), राष्ट्रिय घरधुरी सर्वेक्षण, लैङ्गीक तह, बवरमहल, काठमाडौं, केन्द्रीय तथाङ्क विभाग

नेपालको संविधान (वि.सं. २०७२), *प्रथम संसोधन सहित, बागबजार,*काठमाडौं :स्वदेश प्रकाशन प्रा.लि ।

विश्वकर्मा, सरोज दिलु(वि.सं.२०६९),*स्थानीय स्रोत साधन तथा सेवा सुविधामा दलित महिलाहरुको पहुँच, दलित महिला संघ (फेडो)* कुपण्डोल, ललितपुर, नेपाल

विश्वकर्मा, हिरा (वि.सं.२०६३),*दलित महिलाका सवाल र तिनका समाधान, दलित महिला संघ के.का.* कुपण्डोल, ललितपुर

विश्कर्मा, जेवि (वि.सं. २०७०)*सामाजिक रुपान्तरणमा दलित महिलादलित महिला संघ* कुपण्डोल, ललितपुर, नेपाल

बराइली, गोपाल(वि.सं. २०७०), *राजनीतिमा आवद्ध दलित महिलाको जीवनी दलित महिला संघ* कुपण्डोल, ललितपुर

भट्टचन, कृष्ण बहादुर (वि.सं. २०६२),*नेपालमा दलित महिलाको स्थिती,* दलित महिला संघ कुपण्डोल, ललितपुर

मानसखण्ड, अन्लाईन दैनिक (वि.सं.२०७४),*शिक्षामा दलित बालवालिकाको विद्यमान अवस्थ,* काठमाडौं

शर्मा, चिरञ्जिवी र शर्मा निर्मला (वि.सं. २०६७), *शिक्षा मनोविज्ञान काठमाडौं एम.के.*

Bishwakarma, P. ,(2004)T*he Situation Analysis for DalitWomen of Nepal*

www. dalit media home.com email: dalitblog@gmail.com.

UNDP (2004),Nepal Human Development Report, Kathmandu, UNDP.

# परिष्ट-१, प्रश्नावली

१. उत्तरदाताको पुरा नामः

२. उमेरः

३. पेशाः

४. दलित महिलाहरुका लागि नेपाल सरकारले तय गरेका नीति नियमबारे जानकारी छ ?

क) छ ख) छैन

५. दलित महिला सम्बन्धि शैक्षिक नीति अनुसार शिक्षा कस्तो प्रकारको हुनुपर्दछ ?

क) सामान्य ख) विशेष प्रकारको

६. दलित महिलाहरुलाई सक्षम बनाउन के गर्नुपर्छ ?

क) राम्रो शिक्षा दिनुपर्दछ । ख) तालिम दिनुपर्दछ । ग) अवसर दिनुपर्दछ ।

७. दलित महिलाहरुलाई शिक्षामा पहुँच बढाउन के गनुपर्दछ ?

क) निःशुल्क शिक्षा दिनुपर्छ । ख) छात्रवृत्तिको व्यवस्था हुनुपर्दछ । ग) भौतिक पूर्वाधारको व्यवस्था हुनुपर्दछ ।

८. तपाईले अध्ययन गरिरहेको गाउँमा छुवाछुतको अन्त्य भएको छ कि छैन ?

क) छ ख) छैन

९. दलित महिलाहरुलाई कस्तो शिक्षा बढि उपलब्धिमुलक होला ?

क) रोजगारमुलक ख) साधारण ग) व्यवसायिक

१०. तपाईको गाउँमा कुन पक्षमा छुवाछुत अन्त्य भएको छ ?

क) सार्वजनिक स्थलमा ख) पानी/धारा ग) मन्दिरमा

११. तपाईहरुलाई राज्यबाट प्रदान गरिएका सुविधाहरु के-के थाहा छ ?

क) निःशुल्क शिक्षा ख) छात्रवृत्ति ग) पुरस्कार घ) शैक्षिक सामाग्री

१२. तपाईको परिवारमा को-को हुनुहुन्छ ?

क) बुवा ख) आमा ग) दिदि घ) अन्य

१३. तपाईको परिवारको संख्या कति छ ?

क) २ ख) ४ ग) ५ घ) ७

१४. तपाईको घरमा घरमूली को हुनुहुन्छ ?

क) बाबा ख) आमा ग) दाजु घ) अन्य

१५. तपाईको समुदायमा महिला र पुरुष विच विभेद छ कि छैन ?

क) छ　　　ख) छैन

१६. दलित महिलाहरुको चेतनालाई बृद्धि गर्न सरकारले के गर्नुपर्छ ?

क) शिक्षा दिनुपर्छ　　　ख) तालिम दिनुपर्छ

१७. तपाईको गाउँमा छुवाछुतमा पहिले र अहिले फरक पाउँनु भाको छ कि छैन ?

क) छ　　　ख) छैन

१८. तपाईको समुदायमा शिक्षामा महिलाको पहुँच कस्तो छ ?

क) न्युन　　　ख) मध्यम

१९. तपाईको परिवारको शैक्षिक अवस्था कस्तो छ ?

क) साक्षरता　　　ख) निरक्षरता

२०. दलित महिलाहरु विचको आपसि सम्बन्ध कस्तो छ ?

क) ठिक छ　　　ख) ठिक छैन

२१. दलित महिलाहरु शिक्षाको उज्यालोबाट बञ्चित हुनुको कारण के होला ?

क) चेतनाको कमि　　　ख) गरिबी　　　ग) अन्य

२२. तपाईलाई दतिल महिलाहरुको समस्या कस्तो किसिमको समस्या जस्तो लाग्छ ?

क) सामाजिक समस्या　　　ख) राजनैतिक समस्या　　　ग)आर्थिक समस्या घ) अन्य

२३. तपाको आम्दानीको स्रोत के हो ?

क) ज्यालादारी　　　ख) व्यापार　　　ग) तलब　　　घ) अन्य

२४. तपाई दलित सम्बन्धि कुनै संघ संस्थामा आवद्ध हुनुहुन्छ ?

क) छ　　　ख) छैन

२५. तपाईको टोल छिमेक मा दलित महिलाहरुको संघ संस्था छ ?

क) छ       ख) छैन

२६. दलित महिलाहरुको शैक्षिक स्तरलाई माथि उठाउन के गर्नुपर्छ ?

क) चेतना जगाउनुपर्छ       ख) अन्धविश्वास हटाउनु पर्छ       ग) अन्य

२७. तपाईलाई भन्न मन लागेको केही छ ?

............................................................................................................. ।